# नो योर राइट्स!

# न्यु हेम्पसायरको फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस कार्यक्रम अन्तर्गत शिशु/स-साना बालबालिका र परिवारका अधिकार सम्बन्धि सूचना

न्यु हेम्पसायर स्वास्थ्य तथा मानव सेवा विभाग
परिवार केन्द्रित सेवा ब्यूरो

जुन 2023

## प्राक्कथन

NH स्वास्थ्य तथा मानव सेवा विभाग, परिवार केन्द्रित सेवा ब्यूरो, (DHHS/BFCS) अन्तर्गत शिशु/स-साना बालबालिका र परिवारका अधिकार सम्बन्धि सूचनाले अपाङ्गता भएका व्यक्तिको शिक्षा ऐन (इन्डिभिजुअल विथ डिसेबिलिटिज एजुकेसन एक्ट) (IDEA) को भाग C ले परिभाषित गरेका साथै राज्यका नियम अन्तर्गत प्रदान गरिएका तपाईंको बच्चा र परिवारका अधिकारहरू वर्णन गर्दछ। न्यु हेम्पसायर (NH) मा, IDEA कार्यक्रमको भाग C लाई "फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस" भनिन्छ र यसको सङ्क्षिप्त रूप "FCESS" हो।

IDEA कार्यक्रमको भाग C ले FCESS कार्यक्रमद्वारा प्रदान गरिएका सेवाहरूको गुणस्तर सम्बन्धमा नेतृत्वकर्ता (लिड) एजेन्सी, जुन NH स्वास्थ्य तथा मानव सेवा विभाग, विकास सेवा ब्युरो (ब्युरो अफ डेभ्लोप्मेन्ट) हो, त्यसलाई सल्लाह प्रदान गर्न एक स्टेट इन्टरएजेन्सी कोअर्डिनेसन काउन्सिल (ICC) को स्थापना आवश्यक पर्दछ। यही कारणले गर्दा, कुनै सुनुवाइ वा मध्यस्थता बारेका जानकारी ICCलाई रिपोर्ट गरिन्छ। ICC बारे अधिक जानकारी https://www.dhhs.nh.gov/about-dhhs/advisory-organizations/nh-interagency- coordinating-council वेबसाइटमा पाउन सकिन्छ। जानकारी FCESS कार्यक्रम कर्मचारी र क्षेत्र एजेन्सीहरु को अनुरोध मा पनि उपलब्ध छ।

IDEA एक संघीय कानुन हो जसले योग्य बच्चाहरूका लागि जन्मदेखि नै सुरु हुने प्रारम्भिक सहयोग तथा सेवाहरू समावेश गर्दछ। यो संघीय आवश्यकताहरूको कार्यान्वयनलाई समर्थन गर्न, DHHS/BFCS ले यी संघीय तथा राज्यको भाग C आवश्यकताहरू पूरा गर्ने नीति तथा प्रक्रियाहरू विकास गरेको छ।

यो दस्तावेज संघीय कानुन र नियमहरू अन्तर्गत तपाईंको अधिकारहरू बारे आधिकारिक सूचना भएका हुँदा केही शब्दवलीहरू तपाईंका लागि अपरिचित हुन सक्दछन्। यस कारणले, केही शब्द जहाँ प्रयोग भएका छन् त्यहाँ परिभाषित गरिएका छन् र अन्यलाई शब्दावली (ग्लोसरी) मा परिभाषित गरिएका छन्।

तपाईंको परिवारसँग काम गरिरहेका सर्भिस कोअर्डिनेटरले तपाईंलाई तपाईंको अधिकार बारे बुझ्न अतिरिक्त सामाग्री सुझाउन सक्नेछन्। तिनले तपाईंको बच्चाका विकास आवश्यकताहरू पूरा गर्न सहयोग गर्नका लागि तपाईं र अन्य परिवारका सदस्यहरूलाई कम्युनिटी प्रोभाइडरहरूसँग सहकार्य गर्न सक्ने तरिकाहरू सुझाउन सक्नेछन्।

न्यु हेम्पसायर राज्य
स्वास्थ्य तथा मानव सेवा विभाग
दीर्घकालीन सहयोग तथा सेवा डिभिजन
परिवार केन्द्रित सेवा ब्यूरो
फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस
129 Pleasant St., Thayer Building
Concord, NH 03301

फोन: टोल फ्रि: 1-800-852-3345 x4488 वा (603) 271-4488
TDD नम्बर: 1-800-735-2964
फ्याक्स: (603) 271-4902

विषय सूची:

परिचय ........................................................................................................ 4

IFSP विकासमा सिफारिसबाट मुख्य बुँदाहरू ........................................................... 6

अभिभावकको मञ्जुरी.......................................................................................... 8

लिखित पूर्व सूचना .......................................................................................... 10

रेकर्ड परीक्षण ............................................................................................... 10

जानकारीको गोपनीयता ..................................................................................... 11

व्यक्तिगत बाल सिकायतको समाधान.................................................................... 13

मध्यस्थता.................................................................................................... 13

निष्पक्ष उचित प्रकिया सुनुवाइ ........................................................................... 14

प्रशासनिक सिकायत ........................................................................................ 16

सरोगेट बुवाआमा .......................................................................................... 18

FCESS को लागि भुक्तान गर्न सार्वजनिक र निजी बीमाको उपयोग ............................... 19

शब्दभण्डार ................................................................................................. 20

स्थानीय एरिया एजेन्सी FCESS को सम्पर्क जानकारी............................................... 23

क्षेत्र अनुसार नगर र सहरहरू............................................................................. 24

एरिया एजेन्सीहरू .......................................................................................... 25

## परिचय

न्यु हेम्पसायरमा, फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस प्रोग्राम भनेर चिनिने IDEA अर्ली इन्टरभेन्सन प्रोग्रामको भाग C योग्यता निर्धारणदेखि सेवा पुर्‍याउँदासम्म हरेक चरणमा परिवारको संलग्नतालाई अधिक रुपमा बढाउन साथै अभिभावकको मञ्जुरी सुनिश्चित गर्न तयार गरिएको हो। फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस भनेको व्यवहारिकाताको हदसम्मको समीक्षात्मक अनुसन्धनमा आधारित क्रियाकलाप र सहयोगको फराकिलो दायरा हो जसले परिवार र अन्य हेरचाहकर्ताहरूका बच्चा हेरचाह गर्ने र उक्त बच्चाको आवश्यकता लचिलो तरिकाले पूरा गर्ने गर्नसक्ने क्षमता विकास गरी अधिक रूपमा बढाउँछ। सहयोग र सेवाहरूमा निम्न कुराहरू पर्दछन्:

- जानकारी,
- तालिम,
- विशेष निर्देशन,
- मूल्याङ्कन,
- थेराप्युटिक इन्टरभेन्सन्स,
- आर्थिक सहयोग,
- सामाग्री र उपकरणहरू,
- भावनात्मक सहयोग, र
- He-M 510.03 मा सूचिकृत सेवाका वर्गहरू

अभिभावक र बालबालिकालाई संरक्षण गर्नका लागि सुरक्षाका उपायहरू वा अधिकारहरू स्थापित गरिएको छ। बच्चालाई सिफारिस गर्दा साथसाथै जब अभिभावकले उनीहरूका बच्चाका लागि सेवाहरू वा कार्यक्रमहरूसँग सम्बन्धित प्रस्ताव पाउँदा अभिभावकलाई यी अधिकारहरू र सुरक्षा उपयाहरू बारे जानकारी गराइनुपर्दछ, जसले गर्दा उनीहरूको आफ्ना बालबालिकाका लागि सेवाहरूको प्रावधानमा नेतृत्वदायी भूमिका रहनसक्छ।

<u>न्यु हेम्पसायरको FCESS सेवामा सहभागिता स्वैच्छिक हो।</u> यदि योग्य भएमा कुनै बच्चा जो NHको निवासी हो सिफारिस भई सेवा प्राप्त गर्न सक्छन्।

NHमा FCESS कार्यक्रम अन्तर्गत, FCESSका लागि योग्य बच्चाको अभिभावकका रूपमा, तपाईँ सँग अधिकार हुन्छन्, जसमा निम्न पर्दछन्:

- समयमै बहुविषयक मूल्याङ्कन तथा छानबिन र FCESS कार्यक्रमबाट सिफारिस प्राप्त गरेको <u>पैतालिस (45) दिन भित्र</u> व्यक्तिगत परिवार सहयोग योजना (IFSP) विकास गर्ने;
- सार्वजनिक खर्चमा मूल्याङ्कन, छानबिन, IFSP विकास, सेवा संयोजन, र प्रकियागत सुरक्षाहरू प्राप्त गर्ने अवसर;
- भाग C अन्तर्गत योग्य भएमा, IFSPमा सम्बोधन गरिए बमोजिम तपाईँको बच्चाका लागि FCESS प्राप्त गर्ने अवसर;
- परिवारसँग बीमा नभएको अवस्थामा त्यस्ता परिवारलाई फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेसहरू निःशुल्क उपलब्ध हुन्छ, यद्यपि मेडिकेड बीमालाई बीजकीकरण गरिनेछ र यदि अभिभावकले अधिकार प्रत्यायोजन गरेमा, उपलब्ध भएको खण्डमा निजी बीमालाई बीजकीकरण गरिनेछ। थप जानकारीमा लागि पेज 19 र 20 हेर्नुहोला।
- मूल्याङ्कन, छानबिन र सेवाहरू अस्वीकार गर्ने अधिकार;
- सबै IFSP बैठकहरूमा आमन्त्रित र सहभागी हुन पाउने अधिकार;

- तपाईंको बच्चा वा परिवारकाको लागि पहिचान, छानबिन, वा सेवाका प्रावधानमा परिवर्तन प्रस्तावित वा अस्वीकार गर्नु अघि समयमै लिखित सूचना प्राप्त गर्ने अधिकार;
- उपयुक्त अधिकतम हदसम्म तपाईंको बच्चाको प्राकृतिक वातावरणमा सेवाहरू प्राप्त गर्ने अधिकार;
- व्यक्तिगत रुपमा पहिचान गर्न सकिने जानकारी र रेकर्डहरूको गोपनीयता कायम राख्ने अधिकार;
- समीक्षा गर्न र यदि उपयुक्त भएमा, अर्ली सपोर्ट्स एन्ड सर्भिसेस रेकर्डहरू सच्याउन पाउने अधिकार;
- अभिभावकका सिकायतहरू समयमै समाधान गरिपाउने अधिकार;
- असहमति र व्यक्तिगत बाल सिकायत समाधान गर्न मध्यस्थता प्रयोग गर्न पाउने अभिभावकको अधिकार;
- अभिभावक/सेवाप्रदायका असहमति समाधान गर्न निष्पक्ष उचित प्रक्रिया सुनुवाइको अधिकार; र
- प्रशासनिक सिकायत दर्ता गर्ने अधिकार।

माथि उल्लेखित सामान्य अधिकारका अतिरिक्त, तपाईंमा FCESS कार्यक्रम अन्तर्गत विशिष्ट प्रक्रियता सुरक्षाहरू सूचित हुन पाउने हक रहन्छ। यी अधिकारमा निम्न कुराहरू पर्दछन्: अभिभावकको मञ्जुरी; लिखित पूर्व सूचना; रेकर्डको परीक्षण; सूचनाको गोपनीयता; व्यक्तिगत बाल सिकायत; प्रशासनिक सिकायत; र सरोगेट अभिभावक। यी हरेक सुरक्षा उपयाहरू यस ह्यान्डबुकमा वर्णन गरिएको छ।

न्यु हेम्पसायरमा, "एप्रोप्रिएट अर्ली सोपर्ट्स एन्ड सर्भिसेस" IFSP प्रकियाद्वारा निर्धारण हुन्छन्। The IFSPमा IFSPमा पहिचान गरिएका परिमाणहरू प्राप्त गर्न तपाईंको बच्चा र परिवारको पृथक आवश्यकता पूरा गर्न आवश्यक विशिष्ट अर्ली सपोर्ट्स एन्ड सर्भिसेसको विवरण समावेश हुनुपर्छ। फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस FCESSका लागि योग्य प्रत्येक बच्चाको विकासात्मक आवश्यकताहरू साथै बच्चाको विकासमा वृद्धि गर्न सम्बन्धित बच्चाको परिवारका आवश्यकताहरू पूरा गर्न सिर्जित सेवा र सहयोगहरू हुन्।

## IFSP विकासमा सिफारिसबाट मुख्य बुँदाहरू

**सिफारिस -**

तपाईँको बच्चालाई FCESS कार्यक्रममा तपाईँले वा He-M 510.11मा सूचिकृत भएका पेशाकर्मी तर त्यस सूचिमा मात्रै समिति नरही अन्य व्यक्तिले सिफारिस गर्न सक्छन्। *सिफारिस* फोन, फ्याक्स, लिखित रूपमा, इमेलद्वारा वा व्यक्ति स्वयं उपस्थित भएर गर्न सकिन्छ। जब आमाबुवा भन्दा फरक व्यक्तिले सिफारिन्छ गर्दछन्, तब FCESS कार्यक्रमले तुरुन्तै मौखिक र लिखित दुवै रुपमा आमाबुवालाई सूचित गर्नेछ। कार्यक्रमले मूल्याङ्कन गरेर यदि बच्चा योग्य भएमा, FCESS कार्यक्रमले सिफारिस प्राप्त गरेको मितिबाट <u>पैतालिस (45) दिन भित्रमा</u> परिवारसँग IFSP विकास गर्नुपर्छ।

**भर्ना -**

यदि तपाईँले FCESSको भर्ना प्रक्रिया जारी राख्न रोज्नुभयो भने, FCESS कार्यक्रमका कर्मचारीसँगको तपाईँको पहिलो सम्पर्क *भर्ना* बैठक हुनेछ। भर्ना संयोजकले सिफारिसको मिति अभिलेख गर्नेछन्, तपाईँलाई FCESS र अन्य सामुदायिक सेवाहरू बारे जानकारी दिनेछन्, र FCESS हासिल गर्ने प्रक्रिया बारे बताउनेछन्। उनीहरूले तपाईँलाई तपाईँको अधिकार र यदि FCESS प्रक्रियाको अंशका रूपमा उत्पन्न हुने कुनै निर्णय वा गतिविधिमा तपाईँको असहमति भए तपाईँले अपनाउन सक्ने प्रक्रिया बारे पनि बताउनेछन्।

यदि तपाईँले FCESSका लागि योग्यता निर्धारण खोज्ने निर्णय गर्नुभो भने, भर्ना संयोजकले तपाईँलाई लिखित पूवा सूचना प्रदान गर्नेछन् र तपाईँको बच्चाको विकासको मूल्याङ्कन गर्न तपाईँको मञ्जुरी माग्नेछन्। यदि तपाईँले मूल्याङ्कन र छानबिनका लागि मञ्जुरी दिनुभयो भने, यो तपाईँको बच्चा FCESS प्राप्त गर्न योग्य हुने वा नहुने निर्धारण गर्ने अर्को चरण हुनेछ।

तपाईँलाई तपाईँको बच्चाको मेडिकल रेकर्ड र तपाईँको बच्चाको मूल्याङ्कन र छानबिन गरी कार्यक्रमलाई पठाउने मूल्याङ्कनका लागि फिजिसियनको सिफारिस गर्नका लागि लिखित मञ्जुरी मागिनेछ। तपाईँलाई तपाईँको बच्चाको खर्च व्यहोर्ने मेडिकेड वा निजी, कुनै बीमाको जानकारी मागिनेछ र तपाईँसँग निजी बीमा प्रयोगका लागि मञ्जुरी मागिनेछ।

यस समयमा, तपाईँलाई तपाईँको बच्चाको विकासात्मक र मेडिकल इतिहास साथै परिवारका रूपमा तपाईँका प्राथमिकताहरू सोधिनेछ। तपाईँलाई लिखित पूर्व सूचना प्रदान गरी तपाईँको बच्चाको विकासको मूल्याङ्कन गर्न मञ्जुरी मागिनेछ। तपाईँलाई तपाईँको बच्चा बारे सान्दर्भिक जानकारी FCESS कार्यक्रमका लागि उसको डाक्टरहरू र उसको जीवनमा संलग्न अन्य व्यक्तिहरूबाट अनुरोध गर्न लिखित मञ्जुरी माग्न पनि सकिन्छ।

**लिखित पूर्व सूचना -**

*लिखित पूर्व सूचना* तपाईँको बच्चा र परिवारकाको लागि पहिचान, छानबिन, वा एप्रोप्रिएट अर्ली सपोर्ट्स वा सर्भिसेससेवाका प्रावधानमा FCESS कार्यक्रमले परिवर्तन प्रस्तावित वा अस्वीकार गर्नु अघि समयमै लिखित सूचना बुवाआमा/कानुनी अभिभावकलाई दिनुपर्छ। तपाईँको बच्चाको मूल्याङ्कन अघि, यदि बच्चा FCESS कार्यक्रमका लागि योग्य पाइएमा, र बच्चाको व्यक्तिगत परिवार सहयोग योजना विकास वा परिमार्जित गरिएमा साथै जब तपाईँको बच्चा 3 वर्ष हुन लाग्दा FCESSबाट उसको सङ्क्रमणका लागि योजना बनाउने बैठक अघि, र तपाईँको बच्चाका बारे सूचना तपाईँको स्कुल डिस्ट्रिकलाई सङ्क्रमण योजना प्रक्रियाको चरणका रूपमा प्रदान गर्नु अघि तपाईँलाई लिखित पूर्व सूचना दिइनेछ। थप जानकारी यस किताबको "लिखित पूर्व सूचना" खण्डमा पाउन सक्नुहुन्छ।

**अभिभावकको मञ्जुरी -**

*मञ्जुरी* भनेको तपाईँलाई, तपाईँको बच्चाको बुवाआमा/कानुनी अभिभावकका रुपमा, तपाईँलाई मञ्जुरी जनाइमागेको गतिविधिसँग सान्दर्भिक सबै जानकारीका बारे पूर्ण रुपमा सूचित गरिएको छ। स्पष्ट रुपले सम्भव नभएको अवस्था बाहेक, तपाईँलाई जानकारी तपाईँको मातृभाषामा वा सञ्चारका अन्य ढाँचामा प्रदान गरिनुपर्छ। हरेक स्क्रिनिङ, मूल्याङ्कन र छानबिन गरिनु अघि र अर्ली सपोर्ट्स एन्ड सर्भिसेस प्रदान गर्नु अघि तपाईँलाई मञ्जुरी प्रदान माग गरिनेछ। थप जानकारी यस किताबको "अभिभावकको मञ्जुरी" खण्डमा पाउन सक्नुहुन्छ।

**स्क्रिनिङ -**

*स्क्रिनिङले* भर्ना गर्न जाँदा वा अन्य उपयुक्त समयमा अर्को चरणहरू निर्धारण गर्न थप विकासात्मक जानकारी प्राप्त चयन गरिएका उपकरण वा प्रक्रियाहरूको प्रयोग समावेश गर्दछ। तपाईँ बच्चा र परिवारका लागि स्क्रिनिङ पूरा हुन वा नहुन सक्छ। यदि स्क्रिनिङको परिणामहरूले तपाईँको बच्चाको उमेर सबै विकास क्षेत्रहरूमा उपयुक्त देखिन्छ भनी संकेत गरे तापनि, तपाईँले अझै पनि सेवाहरूको लागि योग्यता निर्धारण गर्न मूल्याङ्कन र छानबिन अनुरोध प्राप्त गर्न सक्नुहुन्छ।

**मूल्याङ्कन तथा छानबिन -**

*मूल्याङ्कन* भनेको FCESS कार्यक्रमका लागि तपाईँको बच्चाको प्रारम्भिक तथा निरन्तर योग्यता निर्धारण गर्न र तपाईँको बच्चा FCESSका लागि योग्य ठहरिएमा IFSP विकास गर्न प्रयोग गरिने जानकारी प्रदान गर्न दक्ष पेशाकर्मीद्वारा साधन र प्रक्रियाहरूको प्रयोग हो। मूल्याङ्क एक बहुविषयात्मक अनुसन्धान हुनेछ, मतलब यसलाई कम्तिमा 2 विभिन्न विषयका दक्ष पेशाकर्मीबाट सञ्चालित हुनेछ। बहुविषयात्मक मूल्याङ्कन परिवारलाई सहज हुने अवस्थामा हुनुपर्ने छ, परिवार र अन्य स्रोतहरूबाट सूचना समावेश गर्नुपर्छ र जातीय वा सांस्कृतिक विभेद नहुने गरी छनौट र व्यवस्थापन गरिनुपर्छ।

*छानबिन* भनेको तपाईँको बच्चाको पृथक शक्ति, आवश्यकताहरूका साथै तपाईँको परिवारको स्रोत, प्राथमिकता र सरोकारहरू र विशेष आवश्यकता चाहिने तपाईँको शिशु वा सानो बच्चाको विकासात्मक आवश्यकता पूरा गर्न तपाईँको परिवारको क्षमता वृद्धि गर्न आवश्यक सहयोग र सेवाहरू पहिचान गर्न दक्ष पेशाकर्मीद्वारा साधन र प्रक्रियाहरूको जारी प्रयोग हो। विकास मूल्याङ्कन गरिएका क्षेत्रहरूमा दृष्टि, श्रवण वा दुवै सहितको शारीरिक विकास; संज्ञानात्मक विकास; सञ्चार विकास; सामाजिक वा भावनात्मक विकास; र अनुकूलन विकास पर्दछन्।

सम्भव नहुने अवस्था बाहेक,  सबै मूल्याङ्कन र छानबिनका नतिजाहरू तपाईँको मातृभाषामा वा सञ्चारका अन्य ढाँचामा प्रदान गरिनेछ। थप जानकारीका लागि "मातृभाषा" हेर्नुहोला।

**योग्यता –**

FCESSका लागि योग्य हुन, एउटा बच्चा 3 वर्ष उमेरभन्दा कम हुनुपर्छ जो:

(1) विकासात्मक ढिलाइ छ वा त्यसको जोखिममा छ (थप जानकारीका लागि He-M 510.02(e) & (k) हेर्नुहोस्);

(2) असामान्य व्यवहार प्रदर्शन गर्छ (थप जानकारीका लागि He-M 510.02(f)); अथवा

(3) सिफारिस समयमा पनि कुनै पनि ढिलाइ नभए पनि, एक स्थापित अवस्था छ जसमा विकासात्मक ढिलाइ हुने उच्च सम्भावना छ (थप जानकारीका लागि He-M 510.02(n))।

माथि सूचिकृत वर्गहरू सहित योग्य बच्चाको पूर्ण परिभाषा He-M 510.02 (e), (f), (g), (k) र (n) मा पाउन सकिन्छ।

यदि तपाईँको बच्चा FCESSका लागि योग्य नठहरिएमा, सो निर्धारणको तीन (3) कार्य दिनभित्र उक्त

निर्णय बारे जानकारी दिने तपाईंलाई लिखित पूर्व सूचना प्रदान गरिनेछ। यस सूचनामा अभिभावक-देखि-अभिभावक नेटवर्क्स सहित, तपाईंको परिवारका आवश्यकताहरू पूरा गर्न अन्य विशेष सहयोग र सेवाहरूका साथ मूल्याङ्कनका निष्कर्ष र सुझावहरू, र ती सहयोग र सेवाहरूमा कसरी पहुँच राख्ने भन्ने व्याख्या समावेश हुनेछन्। यस सूचनाले तपाईंलाई उजुरी दर्ता गर्न वा मध्यस्थता गर्न, तपाईंको बच्चा FCESSका लागि योग्य छैन भन्ने निर्णयसँग असहमति जनाउन पाउने तपाईंका अधिकार बारे, साथै निर्णयलाई चुनौती दिन सहयोगका लागि तपाईंले सम्पर्क गर्न सक्नुहुने डिसेबिलिटिज राइट्स सेन्टर जस्तो वकालत गर्ने संस्थाको नाम, ठेगाना र टेलिफोन नम्बर पनि समावेश जानकारी प्रदान पनि गर्छ।

**व्यक्तिगत परिवार सहयोग योजना (IFSP) विकास -**

IDEA स्टेन्डर्डको भाग Cले प्रत्येक बच्चाको IFSP FCESS कार्यक्रमको सिफारित प्राप्त गरेको पैतालिस (45) दिन भित्रमा विकास गरिनुपर्छ। जब ढिलाइ अनुरोध गरिन्छ वा कुनै कारणवश परिवारले सुरु गरेको हुन्छ उक्त ढिलाइलाई असाधारण पारिवारिक परिस्थिति मानिन्छ र यसमा बिरामी, अस्पताल भर्ना, बिदा, कामका तालिका, आदि जस्ता कुराहरू समावेश हुन्छन्। ढिलाइको परिणाम स्वरूप, तपाईंको बच्चा र परिवारका लागि सेवाहरू प्रारम्भमा ढिलाइ हुन सक्छ। अभिभावकको सहमति, FCESSले मूल्याङ्कन पूरा हुन अघि अन्तरिम IFSP भनिने प्रयोग गरेर सुरु गर्न सक्छ। यदि अन्तर IFSP विकास गरिएमा, बहुविकासात्मक मूल्याङ्कन र छानबिनका नतिजा अझै पनि बच्चा सिफारिस भएको पैतालिस (45) दिन भित्रमा उपलब्ध गराइनुपर्छ।

यदि कुनै सेवाप्रदायकले सहयोग वा सेवा थप्ने वा बन्द गर्ने प्रस्ताव गरेमा वा परिवारले अनुरोध गरेको खण्डमा IFSPको आवधिक रूपमा कम्तिमा 6 महिना वा अझ धेरै पटक समीक्षा गरिन्छ। यदि समीक्षामा, IFSP टोली बच्चाको निरन्तर योग्यताका बारे असहमत भएमा, FCESS कार्यक्रमले बहुविषयात्मक मूल्याङ्कन सञ्चालन गर्नेछ। कुनै पनि समयमा, IFSP टोलीले प्रगति निर्धारण, योग्य समीक्षा, सेवा र परिणाम पुनर्व्याख्या गर्न वा भावी आवश्यकताका लागि योजना बनाउन बहुविषयात्मक मूल्याङ्कन वा छानबिन अनुरोध गर्न सक्छ।

---

**अभिभावकको मञ्जुरी**

मञ्जुरी भन्नाले:

(1) मञ्जुरी भनेको तपाईंलाई मञ्जुरी माग गरिएको गतिविधिसँग सान्दर्भिक सबै जानकारीका बारे, तपाईंको **मातृभाषा**, वा अन्य सञ्चारका ढाँचामा, पूर्ण रुपमा सूचित गरिएको छ;
(2) तपाईं बुझ्नुहुन्छ र तपाईंको मञ्जुरी माग गरिएको गतिविधि पूरा गर्न लिखित रूपमा सहमत हुनुहुन्छ;
(3) मञ्जुरीले त्यो गतिविधिलाई र रेकर्डहरू सूचिकृत गर्दछ (यदि कुनै भएमा) जुन जारी हुनेछ र कसलाई हुनेछ भन्ने वर्णन गर्दछ; र
(4) तपाईं बुझ्नुहुन्छ कि मञ्जुरी प्रदान गर्नु स्वैच्छिक हो र कुनि समयमा फिर्ता लिन सक्छु।

यदि अभिभावकले मञ्जुरी फिर्ता लिएमा, त्यो रद्ध पछि पूर्वास्थामा फिर्ता हुँदैन (अर्थात्, यो मञ्जुरी फिर्ता लिनु अघि भएका कार्यमा लागू हुँदैन।)

तपाईंको लिखित मञ्जुरी निम्न कार्यहरू अघि लिइनुपर्छ:

(1) तपाईंको बच्चाको विकासको मूल्याङ्कन(हरू) र छानबिन(हरू) सञ्चालन हुँदा;
(2) फेमेली सेन्टर्ड अर्ली एन्ड सर्भिसेस प्रदान गर्दा; र
(3) जब निजी बीमा (बच्चाको खर्च मेडिकेडले नबेहोर्दा) प्रारम्भिक प्रावधानका लागि तिर्नका लागि प्रयोग हुँदा र प्रत्येक पटक सेवाहरूका प्रावधानमा वृद्धि हुँदा।

यदि तपाईंले मूल्याङ्कन र छानबिन वा अर्ली सपोर्ट्स एन्ड सर्भिसेसका लागि (यो आवश्यकता आफ्नो निजी

बीमा प्रयोगका लागि मञ्जुरी नदिने बुवाआमामा लागू हुँदैन) मञ्जुरी दिनुहुन्न भने FCESS कार्यक्रमले निम्न कुरा सुनिश्चित गर्न उचित प्रयास गर्नेछ:

(1) तपाईँ मूल्याङ्कन र छानबिन वा उपलब्ध हुने सेवाहरू बारे पूर्ण सचेत हुनुहुन्छ भन्ने; र
(2) तपाईँ बुझ्नुहुन्छ कि तपाईँको बच्चाले तपाईँले मञ्जुरी नदिएसम्म मूल्याङ्कन र छानबिन वा सेवाहरू प्राप्त गर्न सक्षम हुने छैन भन्ने।

तथापि, FCESS कार्यक्रमले तपाईँको निर्णयसँग असमत भई सुनुवाइ अनुरोध गर्ने जस्ता औपचारिक कदमहरू चाल्न सक्दैन। तपाईँको बच्चाको मूल्याङ्कन र छानबिन वा अर्ली सपोर्ट्स एन्ड सर्भिसेसमा सहभागी हुने वा नहुने निर्णय पूर्ण रुपमा तपाईँमा निहित छ। यदि तपाईँले प्रारम्भिक मूल्याङ्कनका लागि मञ्जुरी दिनुभएन भने, FCESS कार्यक्रमले निम्न कार्य गर्न सक्छ:

(1) तपाईँलाई सान्दर्भिक लेख वा अन्य सामाग्री प्रदान गर्न;
(2) अर्ली सपोर्ट्स एन्ड सर्भिसेसको महत्त्व बारे तपाईँको बुझाइमा सहयोग गर्न र FCESS कार्यक्रममा सहभागी हुने बारे तपाईँका सरोकारहरू सम्बोधन गर्न अन्य अभिभावकबाट परामर्श प्रस्ताव गर्न;
(3) स्थापित समय तालिकामा तपाईँले FCESS कार्यक्रममा सहभागी हुने निर्णय गर्नु भयो कि भनेर बुझ्न आवधिक रुपमा तपाईँसँग सम्पर्क नवीकरण गर्ने।

यस अतिरिक्त, FCESS कार्यक्रम अन्तर्गत योग्य बच्चाको बुवाआमाका रूपमा, तपाईँले तपाईँ, तपाईँको बच्चा वा अन्य परिवारका सदस्यहरूले यस कार्यक्रम अन्तर्गत केही वा सबै अर्ली सपोर्ट्स एन्ड सर्भिसेस स्वीकार वा इन्कार गर्ने भन्ने निर्धारण गर्नसक्नु हुन्छ। तपाईँले FCESS कार्यक्रम अन्तर्गत अन्य अर्ली सपोर्ट्स एन्ड सर्भिसेसलाई जोखिममा नराखीकन पहिले स्वीकार गरेका त्यस्ता सेवाहरू इन्कार गर्नसक्नु हुन्छ।

अन्त्यमा, FCESS कार्यक्रम अन्तर्गत कुनै पनि सङ्कलित, प्रयोग गरिएका वा राखिएका **व्यक्तिगत पहिचानयोग्य जानकारीको** आदानप्रदानका लागि लिखित सूचना पाउने र लिखित मञ्जुरी प्रदान गर्ने अधिकार तपाईँसँग छ। (थप जानकारीका लागि सूचनाको गोपनीयता हेर्नुहोला)।

सम्भव नहुने अवस्था बाहेक, सबै मूल्याङ्कन र छानबिनहरू, सेवाका लागि योग्य भएको सूचना, बैठकका सूचनाहरू, प्रक्रियागत सुरक्षा उपायहरू सम्बन्धी जानकारी, प्रगति प्रतिवेदनहरू र मञ्जुरीनामा फारमहरू साधारण जनताद्वारा बुझिने भाषामा लेखिनेछ र परिवारको मातृभाषा वा सञ्चारका अन्य ढाँचामा तिनीहरूलाई प्रदान गरिनेछ।

**मातृभाषा:** मातृभाषा भन्नाले बच्चाका बुवाआमाले घरमा सामान्यतया प्रयोग गर्ने भाषा, वा बहिरा वा दृष्टिविहीन बच्चाका लागि, वा लिखित भाषा नभएका परिवारका लागि, बच्चा र परिवारले सामान्यतया प्रयोग गर्ने सञ्चारको ढाँचा जस्तै साङ्केतिक भाषा, ब्रेल वा मौखिक सञ्चार हुन्।

जहाँ सीमित अङ्ग्रेजी दक्षता भएका व्यक्तिहरूको सम्बन्धमा, यसको अर्थ बच्चाको बुवाआमाले सामान्यतया प्रयोग गर्ने भाषा वा सञ्चारको ढाँचा हो। यदि परिवारको मातृभाषा वा सञ्चारको ढाँचा लिखित भाषा नभएमा, FCESS कार्यक्रमले जानकारी मौखिक वा परिवारले अक्सर प्रयोग गर्ने सञ्चारको भाषामा अनूदित भएको सुनिश्चित गराउने कदम चाल्नेछ जसले जानकारी अर्थपूर्ण र उपयोगी हुन्छ।

**व्यक्तिगत पहिचानयोग्य जानकारी:**

1) तपाईँको बच्चाको, बच्चाको बुवाआमाको नाम, वा अन्य परिवारका सदस्यहरूको नाम;
2) तपाईँको बच्चाको ठेगाना;
3) व्यक्तिगत पहिचान सामाग्री, जस्तै तपाईँको वा तपाईँको बच्चाको सोसियल सेक्युरिटी नम्बर; वा

4) तपाईंको बच्चा वा परिवारलाई उचित निश्चितताका साथ पहिचान गर्न सम्भव बनाउने व्यक्तिगत विशेषता वा अन्य जानकारीको सूची।

## लिखित पूर्व सूचना

तपाईंको बच्चा र परिवारकाको लागि पहिचान, छानबिन, वा एप्रोप्रिएट अर्ली सपोर्ट्स वा सर्भिसेससेवाका प्रावधानमा FCESS कार्यक्रमले परिवर्तन प्रस्तावित वा अस्वीकार गर्नु अघि, तपाईंको बच्चाको मूल्याङ्कन अघि, यदि बच्चा FCESS कार्यक्रमका लागि योग्य पाइएमा, र बच्चाको व्यक्तिगत परिवार सहयोग योजना विकास वा परिमार्जित गरिएमा साथै जब तपाईंको बच्चा 3 वर्ष हुन लाग्दा FCESSबाट उसको सङ्क्रमणका लागि योजना बनाउने बैठक अघि, र तपाईंको बच्चाका बारे सूचना तपाईंको स्कूल डिस्ट्रिकलाई सङ्क्रमण योजना प्रक्रियाको चरणका रूपमा प्रदान गर्नु अघि समयमै लिखित पूर्व सूचना तपाईंलाई दिइनुपर्छ। तपाईंलाई लिखित पूर्व सूचना दिइनेछ। सो सूचना तपाईंलाई निम्न कुराहरू बारे सूचित गर्न पर्याप्त रूपमा विस्तृत हुनुपर्दछ:

(1) कार्यको प्रस्तावित मिति र समय;
(2) प्रस्तावित वा अस्वीकृत गरिइँदै गरेको कार्य;
(3) कार्य(कारबाही) अघि बढाउनुको कारण;
(4) FCESS कार्यक्रम अन्तर्गत उपलब्ध प्रक्रियागत सुरक्षा उपायहरू; र
(5) The कसरी उजुरी (सिकायत) दर्ता गर्ने र सो प्रकिया अन्तर्गतको समयावधि सहितको FCESS कार्यक्रम सिकायत प्रक्रियाहरू। (थप जानकारीका लागि व्यक्तिगत बाल सिकायत र प्रशासनिक सिकायतको समाधान हेर्नुहोस्)।

सूचना निम्नानुसार हुनुपर्छ:

(1) सम्भव नहुने अवस्था बाहेक, साधारण जनताद्वारा बुझिने भाषामा लेखिएको र तपाईंको मातृभाषामा प्रदान गरिएको।
(2) यदि तपाईंको मातृभाषा वा सञ्चारको अन्य ढाँचा लिखित भाषा हैन भने, ESS कार्यक्रमले निम्न कुरा निश्चित गर्न कदमहरू चाल्नेछ:
    a) सूचनालाई मौखिक रुपमा अथवा तपाईंको मातृभाषा वा अन्य सञ्चारको ढाँचामा तपाईंका लागि अनूदित गराएको;
    b) तपाईंले सूचना बुझेको; र
    c) यो खण्डको आवश्यकताहरू पूरा भएको लिखित प्रमाण भएको
(3) यदि तपाईं बहिरा, दृष्टिविहीन हो वा लिखित भाषा छैन भने सञ्चारको ढाँचा तपाईंले सामान्यतया प्रयोग गर्ने सञ्चार ढाँचा (जस्तै साङ्केतिक भाषा, ब्रेल, वा मौखिक सञ्चार) हुनुपर्छ।

## रेकर्ड परीक्षण

यस पुस्तिकामा उल्लेखित सूचना प्रक्रियाको गोपनीयता अनुसार, तपाईंलाई स्क्रिनिङ, मूल्याङ्कन र छानबिन, योग्यता निर्धारण, IFSPsको विकास तथा कार्यान्वयन, तपाईंको बच्चासँग सम्बन्धित व्यक्तिगत सिकायत, र तपाईंको बच्चा र परिवार बारे FCESS रेकर्ड सामेल हुने कुनै पनि भाग सम्बन्धी रेकर्डहरू निरिक्षण र समीक्षा गर्ने अवसर तपाईंलाई दिइनुपर्छ। थप जानकारीका लागि "जानकारीको गोपनीयता" हेर्नुहोस्।

**जानकारीको गोपनीयता**

FCESS कार्यक्रमले तपाईँलाई FCESS कार्यक्रमद्वारा सङ्कलित, व्यवस्थित वा प्रयोग गरिएका तपाईँको बच्चासँग सम्बन्धित कुनै पनि अर्ली सपोर्ट्स एन्ड सर्भिसेस रेकर्डहरू निरिक्षण र समीक्षा गर्ने अवसर प्रदान गर्दछ। अनुरोध गरिएपछि कुनै पनि अवस्थामा, पैँतालिस (45) दिन नकटाई FCESS कार्यक्रमले अनावश्यक ढिलाइ नगरी, र IFSP सम्बन्धी कुनै पनि बैठक वा पहिचान, मूल्याङ्कन वा एप्रोप्रिएट अर्ली सपोर्ट्स एन्ड सर्भिसेसका प्रावधान सम्बन्धी सुनुवाइ अघि अनुरोध पालना गर्नुपर्दछ।

FCESS रेकर्ड निरीक्षण र समीक्षा गर्न पाउने अधिकारमा निम्न कुरा समावेश छन्:

(1) FCESS रेकर्डको वर्णन र व्याख्याका लागि उचित अनुरोधहरूका लागि FCESS कार्यक्रमबाट प्रतिक्रियाको अधिकार;
(2) कार्यक्रमसँग जानकारी समावेश FCESS रेकर्डहरूको प्रतिहरू अनुरोध गर्न पाउने अधिकार, यदि यी प्रतिहरू प्रदान गर्न असफल भएमा तपाईँलाई FCESS रेकर्डहरू निरीक्षण र समीक्षा गर्न पाउने अधिकार प्रयोग गर्नबाट प्रभावित गरी रोक्छ; र
(3) FCESS रेकर्डहरू समीक्षा र निरीक्षण गर्न तपाईँलाई प्रतिनिधित्व गर्ने कोही रहन पाउने अधिकार।

जबसम्म FCESS कार्यक्रमलाई लागू हुने राज्यको कानुन वा अदालतको आदेश अनुसार अभिभावकत्व, छुट्टिएको वा सम्बन्धविच्छेद भएका मालिला अन्तर्गत अधिकार नभएको कागजात उपलब्ध नगराइएसम्म कार्यक्रमले तपाईँसँग आफ्नो बच्चासँग सम्बन्धित FCESS रेकर्डहरू निरीक्षण र समीक्षा गर्ने अधिकार छ भन्ने अनुमान गर्छ।

पार्टीको नाम, पहुँच राखिएको मिति र FCESS रेकर्ड प्रयोग गर्न उक्त पक्षलाई पहुँच दिनुको उद्देश्य सहित, FCESS कार्यक्रमले FCESS कार्यक्रम अन्तर्गत (बुवाआमा र **सहभागी एजेन्सीका** अधिकृत कर्मचारीहरूको पहुँच बाहेक) सङ्कलित, राखिएका वा प्रयोग गरिएका FCESS रेकर्डहरूमा पहुँच प्राप्त गर्ने पक्षहरूको रेकर्ड राख्नेछ।

यदि कुनै FCESS रेकर्डमा एक भन्दा बढी बच्चाहरूको जानकारी समावेश छ भने, तपाईँसँग तपाईँको बच्चासँग सम्बन्धित जानकारी मात्र निरीक्षण र समीक्षा गर्ने, वा त्यो विशेष जानकारीको बारेमा सूचित हुने अधिकार छ।

FCESS कार्यक्रमले तपाईंलाई अनुरोधमा, एजेन्सीद्वारा सङ्कलित, राखिएका वा प्रयोग गरिएका FCESS रेकर्डहरूको प्रकार र स्थानहरूको सूची उपलब्ध गराउनेछ।

यदि त्यो शुल्कले तपाईँलाई ती अभिलेखहरूको निरीक्षण र समीक्षा गर्ने तपाईँको अधिकारको प्रयोग गर्नबाट प्रभावित पारी रोक्दैन भने FCESS कार्यक्रमले IDEA को भाग C अन्तर्गत अभिभावकहरूको लागि बनाइएका रेकर्डहरूको प्रतिलिपिहरूको लागि शुल्क लिन सक्छ। FCESS कार्यक्रमले FCESS कार्यक्रम अन्तर्गत जानकारी खोज्न वा पुन : प्राप्त गर्न शुल्कनलिन सक्छ।

यदि तपाईँ FCESS कार्यक्रम अन्तर्गत सङ्कलन, राखिएको, वा प्रयोग गरिएको FCESS रेकर्डहरूमा जानकारी गलत, भ्रामक, वा तपाईँको बच्चा वा परिवारको गोपनीयता वा अन्य अधिकारहरूको उल्लङ्घन हो भन्ने विश्वास गर्नुहुन्छ भने, तपाईँ FCESS कार्यक्रमले जानकारी परिमार्जन गर्न अनुरोध गर्न सक्नुहुन्छ। एक पटक FCESS कार्यक्रमले तपाईँको अनुरोध प्राप्त गरेपछि, तिनीहरूले तपाईँको अनुरोधलाई समायोजन गर्न कदम चाल्नेछन्, र निम्न मध्ये कुनै एक कार्य गर्नेछन्:

(1) एजेन्सीले अनुरोध प्राप्त गरेपछि उपयुक्त समय भित्र अनुरोध अनुसार जानकारी परिमार्जन गर्ने कि नगर्ने निर्णय गर्दछ।
(2) यदि एजेन्सीले तपाईँले अनुरोध गर्नुभए अनुसार जानकारी परिमार्जन गर्न अस्वीकार गरेमा, तपाईँलाई अस्वीकारका बारेमा सूचित गरिनेछ र सुनुवाइको अधिकारका बारेमा सल्लाह दिइनेछ।

यो गलत, भ्रामक, वा बच्चाको गोपनीयता वा अन्य अधिकारहरूको अन्यथा उल्लङ्घनमा छैन भन्ने निश्चित गर्न FCESS कार्यक्रमले, अनुरोध गरिएमा, FCESS रेकर्डहरूमा भएका जानकारीलाई चुनौती दिनको लागि सुनुवाइ अवसर प्रदान गर्दछ।

यदि, सुनुवाईको नतिजाको रूपमा, यो जानकारी गलत, भ्रामक, वा बच्चाको गोपनीयता वा अन्य अधिकारहरूको अन्यथा उल्लङ्घनमा छ भन्ने निर्धारण भयो भने, FCESS कार्यक्रमले जानकारीलाई तदनुसार परिमार्जन गर्नेछ र तपाईंलाई लिखित रूपमा सूचित गर्नेछ।

यदि, सुनुवाईको नतिजाको रूपमा, यो जानकारी गलत, भ्रामक, वा बच्चाको गोपनीयता वा अन्य अधिकारहरूको अन्यथा उल्लङ्घनमा छैन भन्ने निर्धारण भयो भने, तपाईंलाई बच्चाको FCESS रेकर्डमा राख्न जानकारीमा टिप्पणी गरेर सुनुवाइको निर्णयसँग असहमत हुने कुनै पनि कारणहरू सहितको विज्ञप्ति दिन पाउने अधिकारका बारे जानकारी दिइन्छ।

यस खण्ड अन्तर्गत बच्चाको FCESS रेकर्डहरूमा राखिएको कुनै पनि स्पष्टीकरणलाई(क) : जबसम्म त्यस्तो एजेन्सीद्वारा राखिएको FCESS रेकर्ड वा विवादित भाग रेकर्)डको त्यो अंश जुन तपाईं असहमत हुनुहुन्छ, FCESS कार्यक्रमले बच्चाको FCESS रेकर्डको भागको रूपमा राख्नुपर्छ; र यदि बच्चाको (ख)  FCESS रेकर्ड वा विवादित भाग त्यस्तो एजेन्सीले कुनै पक्षलाई खुलासा गरेको छ भने, स्पष्टीकरण पनि त्यो पक्षलाई खुलाउनुपर्छ।

यस खण्ड अन्तर्गत सञ्चालित सुनुवाइ पारिवारिक शिक्षा अधिकार र गोपनीयता ऐन (FERPA) अन्तर्गतका प्रक्रियाहरू अनुसार सञ्चालन गरिनु पर्छ, जुन विधान 20 U.S.C.§1232g मा पाइन्छ, र 34 CFR भाग 99.21 र 99.22 को नियमहरूमा पाइन्छ।

व्यक्तिगत पहिचान योग्य जानकारी(मा/लाई) निम्न कुरा हुनु अघि अभिभावकको सहमति प्राप्त गर्नुपर्छ:

(1) यस खण्डको अर्को अनुच्छेदको विषयमा, FCESS कार्यक्रम अन्तर्गत जानकारी सङ्कलन वा प्रयोग गर्ने सहभागी एजेन्सीहरूका अधिकारीहरू बाहेक अरू कसैलाई खुलासा गरिएमा; वा
(2) FCESS कार्यक्रम अन्तर्गतको आवश्यकता पूरा गर्न बाहेक अन्य कुनै उद्देश्यका लागि प्रयोग गरिएमा।

FCESS कार्यक्रममा भाग लिने एजेन्सीले FERPA अन्तर्गत सो कार्य गर्न अधिकृत नभएसम्म तपाईंको बच्चाको FCESS रेकर्डबाट जानकारी तपाईंको मञ्जुरी बिना सहभागी एजेन्सीहरूलाई जारी गर्न सकिँदैन।

रेकर्डको गोपनीयता सुनिश्चित गर्न निम्न सुरक्षा उपायहरू हुनुपर्छ:

- प्रत्येक FCESS कार्यक्रमले सङ्कलन, भण्डारण, खुलासा, र विनाश चरणहरूमा व्यक्तिगत पहिचान योग्य जानकारीको गोपनीयताको सुरक्षा गर्दछ;
- प्रत्येक FCESS कार्यक्रमको एक अधिकारी कुनै पनि व्यक्तिगत पहिचान योग्य जानकारीको गोपनीयता सुनिश्चित गर्न जिम्मेवार हुन्छ;
- व्यक्तिगत पहिचान योग्य जानकारी सङ्कलन गर्ने वा प्रयोग गर्ने सबै व्यक्तिहरूले IDEA र FERPA सङ्गत हुने FCESS कार्यक्रम नीतिहरू र प्रक्रियाहरू सम्बन्धी तालिम वा निर्देशन प्राप्त गर्छन्;
- प्रत्येक FCESS कार्यक्रमले, सार्वजनिक निरीक्षणको लागि, एजेन्सी भित्रका ती कर्मचारीहरूको नाम र पदहरूको हालको सूची राख्दछ जसको व्यक्तिगत पहिचान योग्य जानकारीमा पहुँच छ;
- FCESS कार्यक्रमले बच्चालाई सेवाहरू प्रदान गर्न FCESS कार्यक्रम अन्तर्गत सङ्कलित, राखिएको वा प्रयोग गरिएको व्यक्तिगत पहिचान योग्य जानकारी त्यस उपरान्त आवश्यक नपर्ने हुँदा बुवाआमालाई सूचित गर्दछ; र
- He-M502.03 (g) बमोजिम अर्ली सपोर्ट्स एन्ड सर्भिसेसको रेकर्ड जसको लागि प्रत्येक सेवा प्रदायक एजेन्सीले व्यक्तिलाई सेवा प्रदान गर्न बन्द गरेपछिको 6 वर्षको अवधिका लागि व्यक्तिगत रेकर्डहरू राख्नु पर्छ, सो बाहेक अभिभावकको अनुरोधमा जानकारी नष्ट गर्न सक्छ । त्यसपछि अभिभावकहरूले अनुरोध गरेपछि FCESS कार्यक्रमले स्थायी FCESS रेकर्डहरू मात्र राख्नेछ।  स्थायी)अर्ली सपोर्ट्स एन्ड

सर्भिसेसको रेकर्डहरूमा बच्चाको नाम, ठेगाना, फोन नम्बर, र अर्ली सपोर्ट्स एन्ड सर्भिसेसको मितिहरू समावेश हुन्छन्।(

a. **नष्ट/विनाश भन्नाले** भौतिक विनाश वा जानकारीबाट व्यक्तिगत पहिचान स ूचकहरू हटाउनु हो ताकि यो अब व्यक्तिगत रूपमा पहिचान गर्न सकिँदैन;
b. **फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस रेकर्ड्स** भन्नाले पारिवारिक शिक्षा अधिकार र गोपनीयता ऐन (FERPA)ले सुरक्षित गरेका रेकर्डहरू हुन्; र
c. **सहभागी एजेन्सी** भन्नाले IDEA को भाग C का आवश्यकताहरू कार्यान्वयन गर्न कुनै पनि एजेन्सी, इकाईँ, वा संस्था जसले यस भाग अन्तर्गत एक विशेष बच्चाका सम्बन्धमा वा जसबाट जानकारी प्राप्त गरी व्यक्तिगत पहिचान योग्य जानकारी सङ्कलन, राख्छ, वा प्रयोग गर्दछ।

## व्यक्तिगत बाल सिकायतको समाधान

न्यु हेम्पसायरको फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेससँग पहिचान, मूल्याङ्कन वा एप्रोप्रिएट अर्ली सपोर्ट्स एन्ड सर्भिसेसका प्रावधानहरू सम्बन्धित व्यक्तिगत बाल सिकायत दर्ता गर्नु अघि उत्पन्न हुने मामिलाहरू सहित कुनै पनि विषयमा असहमति भएका पक्षहरूलाई विवादहरू समाधान गर्न स्थान दिने प्रक्रियाहरू छन्। जब अभिभावकसँग असहमति हुन्छ वा व्यक्तिगत बाल सिकायत दायर गरेका हुन्छन्, FCESS कार्यक्रमले विवादमा संलग्न पक्षहरूलाई मध्यस्थता वा निष्पक्ष उचित प्रक्रिया सुनुवाइ मार्फत मुद्दा समाधान गर्न दिने प्रक्रियाहरू प्रदान गर्दछ।

यदि तपाईँ (1) पहिचान, (2) मूल्याङ्कन, वा (3) तपाईँको बच्चा वा परिवारको लागि एप्रोप्रिएट अर्ली सपोर्ट्स एन्ड सर्भिसेसका प्रावधानमा FCESS कार्यक्रमसँग असहमत हुनुहुन्छ भने, तपाईँसँग मध्यस्थता र वा निष्पक्ष उचित/ प्रक्रिया सुनुवाइ मार्फत तपाईँको सरोकारको समयमै प्रशासनिक समाधान गर्ने अधिकार छ।

अभिभावकको रूपमा(हरू), तपाईँले FCESS कार्यक्रमलाई लिखित रूपमा, निष्पक्ष उचित प्रक्रिया सुनुवाइको लागि अनुरोधको बारेमा सूचित गरेर व्यक्तिगत बाल गुनासो प्रारम्भ गर्न सक्नुहुन्छ वा तपाईँले आफ्नो सरोकार समाधान गर्न मध्यस्थता अनुरोध गर्न सक्नुहुन्छ। यदि तपाईँ सिकायत दर्ता गर्न चाहनुहुन्छ भने, सिकायतमा तपाईँको बच्चा वा परिवारको लागि पहिचान, मूल्याङ्कन, वा एप्रोप्रिएट अर्ली सपोर्ट्स एन्ड सर्भिसेसका प्रावधानसँग सम्बन्धित असहमतिको विशिष्ट बिन्दु  पहिचान गर्ने (हरू)व्यहोरा समावेश गर्नुपर्छ। तपाईंले सिकायतमा हस्ताक्षर गर्नुपर्छ। यदि अभिभावकले लिखित रूपमा अनुरोध गर्न असमर्थ भएमा, सिकायत प्राप्त गर्ने एजेन्सी वा विभागका कर्मचारीले सिकायतलाई लिखित रूपमा डकुमेन्ट गर्नु पर्छ र सिकायतकर्ताको हस्ताक्षर खोज्नु पर्छ। व्यक्तिगत बाल सिकायत पूरा गर्नमा सहयोगको लागि, तपाईँले परिवार केन्द्रित सेवा ब्यूरो (BFCS), भाग C कोअर्डिनेटरलाई 603-271-4488 मा फोन गर्न सक्नुहुन्छ।

## मध्यस्थता

न्यु हेम्पसायरको फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस (FCESS) कार्यक्रमले आमाबाबु र सेवाप्रदायकहरूलाई उनीहरूको असहमतिलाई गैरवि-रोधात्मक, अनौपचारिक तवरमा मध्यस्थता मार्फत समाधान गर्ने अवसर प्रदान गर्दछ। न्यू हेम्पसायर FCESS कार्यक्रमले विवादका पक्षहरूलाई पहिचान, मूल्याङ्कन, वा अर्ली सपोर्ट्स एन्ड सर्भिसेसका प्रावधानसँग सम्बन्धित सिकायत दर्ता गर्नुअघि उत्पन्न हुने असहमतिहरू सहित कुनै पनि समयमा मध्यस्थता मार्फत कुनै पनि असहमति समाधान गर्ने अवसर छ भन्ने सुनिश्चित गर्दछ।

FCESS कार्यक्रम वा IDEA को भाग C अन्तर्गत अन्य कुनै अधिकार अन्तर्गत निष्पक्ष उचित प्रक्रिया सुनुवाइका

लागि बुवाआमाबाबुको अधिकारलाई अस्वीकार गर्न वा ढिलाइ गर्न मध्यस्थता प्रयोग गर्न सकिँदैन। मध्यस्थता स्वैच्छिक हो र स्वतन्त्र रूपमा दुवै पक्षहरूलाई स्वीकार हुनुपर्छ। असहमत कुनै पनि पक्षले मध्यस्थता अनुरोध गर्न सक्छ; यद्यपि, अभिभावक र सेवाप्रदायकहरूले यसलाई प्रयोग गर्न बाध्यकारी छैन।

मध्यस्थता समयमै सम्पन्न गरिनुपर्छ र सबै पक्षहरूलाई सहज हुने ठाउँमा गरिनुपर्छ। समयमै भन्नाले परिवार केन्द्रित सेवा ब्यूरो (BFCS) ले मध्यस्थताको लागि अनुरोध प्राप्त गरेको मितिदेखि तीस (30) दिन भित्रमा भनेर परिभाषित गरिन्छ। एक पटक मध्यस्थताको लागि अनुरोध प्राप्त भएपछि, स्वास्थ्य र मानव सेवा विभागको एक प्रतिनिधिले विवादसँग सम्बन्धित सबै पक्षहरूलाई सिकायत, मध्यस्थता प्रक्रियाको समीक्षा गर्न र मध्यस्थताको लागि समय र स्थान निर्धारण गर्न सम्पर्क गर्नेछ।

एक योग्य र निष्पक्ष मध्यस्थकर्ता जो प्रभावकारी मध्यस्थता तरिकाहरुमा प्रशिक्षित छ, र जसलाई अनियमित वा अन्य निष्पक्ष आधारमा छनोट गरिएको छ, उनीहरूलाई अनौपचारिक, गैर विरोधी वातावरणमा गुनासोको-समाधान खोज्न मद्दत गर्न दुवै पक्षहरूसँग भेट्नेछ।

मध्यस्थताको लागि अनुरोध गरिएको दस (10) दिन भित्रमा, मध्यस्थकर्ताले परिवार र एरिया एजेन्सी प्रतिनिधिसँग परिवारको लागि सुविधाजनक स्थानमा एक सत्रको आयोजना गर्नेछ, जहाँ प्रत्येक पक्षले 3 सहभागीहरू ल्याउन सक्छ।

परिवार केन्द्रित सेवा ब्यूरो (BFCS) ले जानकार योग्य मध्यस्थकर्ता IDEA को भाग C सहित विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रावधानसँग सम्बन्धित कानून र नियमहरूका र व्यक्तिहरूको सूची राख्छ।

मध्यस्थता सम्झौता विवादका सबै पक्षहरू सन्तुष्ट हुने गरेर हुनुपर्छ र राज्य वा संघीय कानून वा FCESS कार्यक्रमको नीतिसँग बाझिनु हुँदैन। सबै पक्षहरूले सम्झौतामा हस्ताक्षर गर्नुपर्छ र मध्यस्थताको अन्त्यमा लिखित सम्झौताको प्रतिलिपि ती पक्षहरूलाई दिइन्छ। मध्यस्थता प्रक्रियाको क्रममा हुने छलफलहरू गोप्य राख्नुपर्छ र कुनै पनि निष्पक्ष उचित प्रक्रियाको सुनुवाइ वा नागरिक कारबाहीमा प्रमाणको रूपमा प्रयोग गर्न सकिँदैन, र मध्यस्थता प्रक्रियाका पक्षहरूले प्रक्रियाको सुरुवातमा नै गोपनीयता प्रतिज्ञामा हस्ताक्षर गर्न आवश्यक हुन सक्छ। लिखित मध्यस्थता सम्झौतामा छलफलको गोपनीयताको बारेमा एक व्यहोरा समावेश गरिनेछ। यदि मध्यस्थताको क्रममा समाधानमा पुगेको खण्डमा, लिखित सम्झौता कानूनी रूपमा बाध्यकारी हुनेछ र सक्षम क्षेत्राधिकार युक्त राज्य अदालत वा संयुक्त राज्य अमेरिकाको जिल्ला अदालतमा लागू हुनेछ।

FCESS कार्यक्रम मध्यस्थता प्रक्रियासँग सम्बन्धित कुनै पनि लागतहरूको लागि जिम्मेवार छ। अभिभावक का(हरू) लागि कुनै लागतलाग्दैन।

तपाईंले एकै साथ मध्यस्थताको लागि र अर्को खण्डमा वर्णन गरिएको निष्पक्ष उचित प्रक्रिया सुनुवाइको लागि अनुरोध दर्ता गर्न सक्नुहुन्छ। मध्यस्थतामा सहमति भएमा सुनुवाइ रद्द हुन्छ।

## निष्पक्ष उचित प्रकिया सुनुवाइ

निष्पक्ष उचित प्रक्रिया सुनुवाइ व्यक्तिगत बाल सिकायतको समयमै समाधान सुनिश्चित गर्नका लागि एक औपचारिक प्रक्रिया हो, र यसलाई एक निष्पक्ष सुनवाइ अधिकारी द्वारा सञ्चालन गरिन्छ।
निष्पक्ष उचित प्रक्रिया सुनुवाइ खोज्ने परिवारहरूले आफ्नो अनुरोध सिधै परिवार केन्द्रित सेवा ब्यूरो (BFCS) भाग C कार्यालयमा बुझाउनु पर्छ र स्थानीय FCESS कार्यक्रम र एरिया एजेन्सीलाई एक प्रति पठाउनुपर्छ। यदि अभिभावकले लिखित रूपमा अनुरोध गर्न असमर्थ भएमा, सिकायत प्राप्त गर्ने एरिया एजेन्सी वा विभागका कर्मचारीले सिकायतलाई लिखित रूपमा डकुमेन्ट गर्नु पर्छ र सिकायतकर्ताको हस्ताक्षर माग्नु पर्छ। व्यक्तिगत बाल सिकायत पूरा गर्नमा सहयोगका लागि, तपाईंले परिवार केन्द्रित सेवा ब्यूरो (BFCS), भाग C कोअर्डिनेटरलाई 603-

271-4488 मा फोन गर्न सक्नुहुन्छ।

उचित प्रक्रिया सुनुवाईको लागि तपाईँको व्यक्तिगत बाल सिकायतमा निम्न कुराहरू समावेश हुनुपर्छ:

1. बच्चाको नाम, घरको ठेगाना र बच्चाको सेवा प्रदान गर्ने अर्ली सपोर्ट्स एन्ड सर्भिसेस कार्यक्रम (सेवाप्रदायक),
2. तपाईं वा तपाईंको परिवारलाई एप्रोप्रिएट अर्ली सपोर्ट्स एन्ड सर्भिसेसको पहिचान, मूल्याङ्कन, वा प्रावधानसँग सम्बन्धित असहमतिको बिन्दुहरू पहिचान गर्ने व्यहोरा,
3. एक प्रस्तावित समाधान (जुन तपाईँलाई असहमति निराकरण गर्न सक्ने लाग्छ), र
4. सिकायत दर्ता गर्ने व्यक्तिको हस्ताक्षर, र सिकायत मिति।

व्यक्तिगत बाल सिकायत दर्ता गरेपछि, तपाईँलाई सिकायत समाधान गर्न मध्यस्थता प्रस्ताव गरिनेछ। तपाईँले मध्यस्थता अस्वीकार वा स्वीकार गर्न सक्नुहुन्छ; यद्यपि, मध्यस्थताले उचित प्रक्रिया कार्यविधिमा ढिलाइ गर्दैन।

स्वास्थ्य तथा मानव सेवा विभाग )DHHS) द्वारा एक सुनवाइ अधिकारी नियुक्त गरिनेछ। सुनुवाइ अधिकारी एक निष्पक्ष व्यक्ति हो जसलाई उचित प्रक्रिया सुनुवाइ सञ्चालन गर्न नियुक्त गरिन्छ। सुनुवाइ अधिकारीले अनिवार्य रूपमा निम्न कार्य गर्नुपर्छ:

(1) IDEA को भाग C का प्रावधानहरू र योग्य बच्चाहरू र तिनीहरूका परिवारहरूका लागि उपलब्ध सेवाहरू र आवश्यकताहरू बारे जानकारी रहेको; र
(2) निम्न कर्तव्यहरू पूरा गर्नुपर्छ:
    - सिकायत/असहमतिका बारेमा सान्दर्भिक विचारहरूको प्रस्तुतिहरू सुन्ने;
    - मुद्दासँग सम्बन्धित सबै जानकारीको परीक्षण गर्ने;
    - असहमतिको समयमै समाधानमा पुग्न खोज्ने )तीस (30) दिन भित्र);
    - लिखित निर्णय सहित कारबाहीको मौखिक रेकर्ड वा लिखित रेकर्ड प्रदान गर्ने ;र
    - लिखित निर्णय सहित असहमति कारबाहीको समयमै समाधानमा पुग्न खोज्ने। लिखित निर्णयले एरिया एजेन्सीलाई एजेन्सी र विभाग बीचको सम्झौता, र लागू हुने राज्यका कानून र नियमहरू अनुरूप सिकायतको समाधान कार्यान्वयन गर्न बाध्य गराउनेछ।

**निष्पक्ष उचित प्रक्रिया सुनुवाइमा** काम गरेका सुनुवाइ अधिकारीहरू र मध्यस्थता प्रक्रियामा काम गरेका मध्यस्थकर्ताहरू "निष्पक्ष" हुनुपर्छ। *निष्पक्ष* भन्नाले निष्पक्ष उचित प्रक्रियाको कारबाहीका लागि सुनुवाइ अधिकारी वा) मध्यस्थकर्ता का रूपमा सेवा गर्न नियुक्त गरिएका (व्यक्ति FCESS को प्रावधान वा बच्चाको हेरचाहमा संलग्न प्रमुख एजेन्सी वा स्थानीय FCESS कार्यक्रमको कर्मचारी होइन; र सो व्यक्तिको प्रक्रिया कार्यान्वयनको उद्देश्यमा बाझ्नसक्ने कुनै व्यक्तिगत वा व्यावसायिक स्वार्थ छैन।

यस खण्ड अन्तर्गत योग्य नहुने व्यक्ति कुनै एजेन्सीको कर्मचारी मात्र नभएर यो भाग अन्तर्गत उचित प्रक्रिया सुनुवाइ प्रक्रिया वा मध्यस्थता प्रक्रियाहरू कार्यान्वयन गर्न एजेन्सीले व्यक्तिलाई भुक्तानी गरेको छ। सोही व्यक्ति सोही विवादमा संलग्न सुनुवाइ अधिकारी र मध्यस्थताकर्ता नहुन सक्छ।

सुनुवाइ सञ्चालन गर्ने सुनुवाइ अधिकारी कम्तीमा

(1) माथि वर्णन गरिएझैँ निष्पक्ष; Be impartial as described above;
(2) यस कार्यक्रमसँग सम्बन्धित संघीय र राज्यका नियमहरूको प्रावधानहरू, र संघीय र राज्य अदालतहरूद्वारा संघीय र राज्य नियमहरूको कानुनी व्याख्याहरूको ज्ञान, र बुझ्ने क्षमता भएको; मानक कानूनी अभ्यास;

(3) उपयुक्त, मानक कानुनी अभ्यास अनुसार सुनुवाइ सञ्चालन गर्ने ज्ञान र क्षमता भएको; र
(4) उपयुक्त, मानक कानुनी अभ्यास अनुसार निर्णयहरू प्रस्तुत गर्ने र लेख्ने ज्ञान र क्षमता भएको।

IDEA को भाग C अन्तर्गत, तपाईँलाई यस खण्ड अन्तर्गत गरिएका कुनै पनि निष्पक्ष उचित प्रक्रिया सुनुवाइमा तल सूचीकृत अधिकारहरू दिइन्छ:

(1) वकिलको तपा)ईंको खर्चमार ( IDEA को भाग C अन्तर्गत FCESS कार्यक्रमको बारेमा विशेष ज्ञान वा प्रशिक्षण भएका व्यक्तिहरू साथ र सल्लाह लिन;
(2) प्रमाण प्रस्तुत गर्न र सामना गर्न, छड्के जाँच गर्न, र साक्षीको उपस्थिति बाध्य पार्न;
(3) कारबाही थाल्नु अघि कम्तिमा पाँच (5) दिन तपाईँलाई खुलासा नगरिएको कारबाहीमा कुनै प्रमाण पेश गर्न निषेध गर्न;
(4) कारबाहीको लिखित वा इलेक्ट्रोनिक शब्दावली ट्रान (शब्द-शब्द)ुसक्रिप्शन प्राप्त गर्न; र
(5) तथ्य र निर्णयहरूको लिखित निष्कर्षहरू प्राप्त गर्न।

निष्पक्ष उचित प्रक्रिया सुनुवाइ कार्यान्वयन गर्नका लागि कुनै पनि कारबाही तपाईँलाई उचित समय र स्थानमा गर्नुपर्दछ।

तपाईँको असहमति प्राप्त गरेपछि (सिकायत) कुनै पनि पक्षको अनुरोधमा सुनुवाइ अधिकारीले तीस (30) दिनको विशेष विस्तारहरू प्रदान गरेको अवस्थामा बाहेक ,तीस (30) दिनभन्दा ढिला नहुनेगरी, यस खण्ड अन्तर्गत आवश्यक निष्पक्ष उचित प्रक्रिया सुनुवाइ पूरा गरिनु पर्छ र लिखित निर्णय र तथ्यको निष्कर्ष प्रत्येक पक्षलाई मेल पठाउनु पर्छ। निष्पक्ष उचित प्रक्रिया सुनुवाइको निष्कर्ष र निर्णयबाट सन्तुष्ट नभएको कुनै पनि पक्षलाई राज्य वा संघीय अदालतमा नागरिक कारबाही गर्ने अधिकार छ। कुनै पनि पक्षले राज्य वा संघीय अदालतमा सिविल कारबाही गर्न सक्ने बाहेक निष्पक्ष उचित प्रक्रिया सुनुवाइमा गरिएको निर्णय अन्तिम हुनेछ।

सुनुवाइ अधिकारीले उचित प्रक्रिया सुनुवाइमा गरेको निर्णय अन्तिम हुनेछ, र:

1) डाटा, सूचना, र रेकर्डहरूको गोपनीयतासँग सम्बन्धित IDEA को आवश्यकताहरू अनुरूप सार्वजनिक गराइनेछ; र
2) इन्टर-एजेन्सीमा कोअर्डिनेटिङ काउन्सिलमा पठाइनेछ।

अभिभावक/सेवाप्रदायकको असहमति  समावेश भएको कुनै पनि कारबाहीको (सिकायत)विचाराधीन अवधिमा, FCESS कार्यक्रम र तपाईँ अन्यथा सहमत नभएसम्म, तपाईँको बच्चा र परिवारले हाल उपलब्ध गराइएका एप्रोप्रिएट अर्ली सपोर्ट्स एन्ड सर्भिसेस प्राप्त गरिरहनेछन्। यदि असहमति (सिकायत)मा प्रारम्भिक सेवाहरूको लागि आवेदनमा समावेश छ भने, तपाईँको बच्चा र परिवारले ती सेवाहरू प्राप्त गर्नुपर्छ जुन विवादित छैनन्।

---

## प्रशासनिक सिकायत

।व्यक्तिगत बाल सिकायत प्रक्रियाको अतिरिक्त (अघिल्लो खण्डमा छलफल गरिएको) एक व्यक्ति वा संस्था, अर्को राज्यको व्यक्ति वा संस्था सहित, FCESS कार्यक्रममा भाग लिने कुनै पनि सार्वजनिक एजेन्सी वा निजी सेवा प्रदायकले IDEA को भाग C का आवश्यकताहरू उल्लङ्घन गरिरहेको छ भने हस्ताक्षरित लिखित सिकायत दर्ता गर्न सक्छन्।

सिकायतमा निम्न कुरा समावेश हुनुपर्छ:

(1) IDEA को भाग C का आवश्यकताहरू FCESS कार्यक्रमद्वारा उल्लङ्घन भएको व्यहोरा;

(2) तथ्यहरू जसमा सिकायत आधारित छ; र
(3) सिकायतकर्ताको सम्पर्क जानकारी; र यदि विशेष बच्चाका सम्बन्धमा उल्लङ्घनको आरोप लगाइएको छ भने:
   a. बच्चाको नाम र ठेगाना;
   b. एरिया एजेन्सी, FCESS कार्यक्रम, वा बच्चालाई सेवा प्रदान गर्ने सेवाप्रदायकहरूको नाम;
   c. समस्याको प्रकृतिको वर्णन, समस्यासँग सम्बन्धित तथ्यहरू सहित; र
   d. समस्याको प्रस्तावित समाधान, सिकायत दायर भएको समयमा पार्टीलाई ज्ञात र उपलब्ध हदसम्म।

सिकायतहरू निम्न ठेगानामा पठाउनुपर्छ:

परिवार केन्द्रित सेवा ब्यूरो (Bureau for Family Centered Services)

Part C Coordinator

129 Pleasant St., Thayer Building

Concord, NH 03301

सिकायत परिवार केन्द्रित सेवा ब्यूरोमा कथित उल्लङ्घनको एक(1) वर्ष भित्रमा दर्ता गरिसक्नुपर्छ।

निश्चित परिस्थितिहरूमा, सिकायत दायर गर्ने अवधि लामो हुन सक्छ:
(1) यदि उल्लङ्घनका घटना अझै पनि त्यो बच्चा वा अन्य बालबालिकाको लागि भइरहेको छ भने; वा
(2) यदि सिकायत दर्ता गर्ने व्यक्तिले तीन (3) वर्ष भित्र घटेको उल्लङ्घनका घटनाका लागि क्षतिपूर्ति वा सुधारात्मक कारबाहीको अनुरोध गरेको छ भने

एक पटक परिवार केन्द्रित सेवा ब्यूरोले गुनासो प्राप्त गरेपछि, तिनीहरूसँग (कुनै विशेष उजुरीको सन्दर्भमा असाधारण परिस्थितिहरू नभएसम्म) सिकायतको छानबिन गर्न र सिकायतका प्रत्येक आरोपलाई सम्बोधन गर्ने, तथ्य र निष्कर्षहरू र अन्तिम निर्णयको कारणहरू समावेश गर्ने लिखित निर्णय जारी गर्न साठी (60) दिनको समय हुन्छ।

यस निर्णयमा, आवश्यक परेमा, अन्तिम निर्णयको प्रभावकारी कार्यान्वयनका लागि प्राविधिक सहयोगका गतिविधिहरू, वार्ताहरू र अनुपालन प्राप्त गर्न सुधारात्मक कार्यहरू समावेश गरिनेछ। यदि विकास सेवा ब्यूरोले यस्तो अनुसन्धान आवश्यक छ भनेर निर्धारण गरेमा एक स्वतन्त्र अन-साइट अनुसन्धान गरिनेछ। सिकायतको समधान गर्न प्रस्ताव पेश गर्ने सहित, एरिया एजेन्सी, स्थानीय FCESS कार्यक्रम, वा सेवप्रदायकलाई सिकायत समाधान गर्न अवसर प्रदान गरिनेछ।

सिकायत दर्ता गर्ने व्यक्ति वा संस्थासँग सिकायत बारेमा मौखिक वा लिखित रूपमा थप जानकारी पेश गर्ने अवसर हुन्छ। सबै सान्दर्भिक जानकारीहरूको समीक्षा गरिनेछ र सार्वजनिक एजेन्सीले IDEA को भाग C को आवश्यकता उल्लङ्घन गरिरहेको छ कि छैन भनेर स्वतन्त्र रुपमा निर्धारण गरिनेछ। अन्तिम निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वियन गर्न आवश्यक भएमा, प्राविधिक सहयोग गतिविधिहरू, वार्ताहरू, र अनुपालन प्राप्त गर्न सुधारात्मक कार्यहरू प्रदान गरिनेछ।

यदि अन्तिम निर्णयले उपयुक्त सेवाहरू प्रदान गरिएन/नभएको संकेत गर्छ भने, परिवार केन्द्रित सेवा ब्यूरो (BFCS) ले ती सेवाहरूको अस्वीकारलाई कसरी समाधान गर्ने भनेर सम्बोधन गर्नुपर्छ, जसमा उपयुक्त भएमा, मौद्रिक प्रतिपूर्ति प्रदान गर्ने वा अन्य सुधारात्मक कार्यहरू पर्दछन्। परिवार केन्द्रित सेवा ब्यूरो (BFCS) ले सबै शिशुहरू र अपाङ्गता भएका बच्चाहरू र तिनीहरूका परिवारहरूका लागि उपयुक्त सेवाहरूका भविष्यका प्रावधान पनि सम्बोधन गर्नुपर्छ।

IDEA को भाग C अनुसार, BFCS प्रशासक वा उनले नियुक्ति गरेका अधिकारीद्वारा, यदि मुद्दामा साठी (60) दिन भित्रमा अनुसन्धान पूरा हुन नसक्ने जटिल मुद्दाहरू समावेश छन् भने वा मध्यस्थतामा संलग्न पक्षहरू सहमत भएमा, सिकायत समाधान गर्नका लागि साठी (60) दिन समय सीमा विस्तार गर्न अधिकार प्रदान गरिनेछ।

यी सिकायत प्रक्रियाहरूको बारेमा थप जानकारीको लागि, (603) 271-4488 मा परिवार केन्द्रित सेवा ब्यूरो (BFCS), भाग C कोअर्डिनेटरलाई सम्पर्क गर्नुहोस्।

यदि लिखित सिकायत प्राप्त भयो जुन उचित प्रक्रिया सुनुवाइको विषय पनि हो, वा धेरै मुद्दाहरू समावेश छन्, जसमध्ये एक वा बढी त्यो सुनुवाइको भाग हो भने, राज्यले सिकायतको सुनुवाइ प्रक्रियामा सम्बोधन भइरहेको कुनै पनि भागलाई सुनुवाइको टुङ्गो नलागेसम्म छुट्याउनुपर्छ। यद्यपि, सिकायतमा भएका कुनै पनि मुद्दाहरू जुन उचित प्रक्रिया कारबाहीको भाग होइन भने यस कागजातमा वर्णन गरिएका सिकायत प्रक्रियाहरू प्रयोग गरेर साठी (60) दिन भित्र समाधान गर्नुपर्छ।

तिनै पक्षहरू सम्मिलित उचित प्रक्रिया सुनुवाइमा पहिले नै निर्णय भइसकेको मुद्दा प्रशासनिक सिकायतमा उठाइएमा,

(1) सुनुवाइको निर्णय बाध्यकारी हुन्छ; र
(2) परिवार केन्द्रित सेवा ब्यूरोले उजुरीकर्तालाई त्यस प्रभावको बारेमा सूचित गर्नुपर्छ।

सार्वजनिक एजेन्सी वा निजी सेवाप्रदायकको उचित प्रक्रिया निर्णय कार्यान्वयन गर्न असफल भएको आरोप लगाइएको गुनासो परिवार केन्द्रित सेवा ब्यूरो द्वारा समाधान गर्नुपर्छ।

## सरोगेट बुवाआमा

यदि निम्न कुरा भए पनि FCESS कार्यक्रम अन्तर्गत योग्य बालबालिकाका अधिकारहरू सुरक्षित छन्:

(1) बुवाआमाको पहिचान गर्न नसकिएमा;
(2) उचित प्रयास पछि पनि FCESS कार्यक्रमले बुवाआमाका बारेमा पत्ता लगाउन नसकेमा; वा
(3) बच्चा न्यु हेम्पसायरको कानुन अन्तर्गत बालबालिका, युवा, तथा परिवार विभाग (DCYF)को कानुनी अभिभावकत्वमा भएमा।

जसलाई अभिभावकले पालना गर्ने प्रक्रियाहरू अनुसार FCESS सम्बन्धी तालिम दिइएको छ उक्त व्यक्तिलाई "सरोगेट अभिभावक" को रूपमा काम गर्न तोकिन्छ । ती प्रक्रियाहरूमा बच्चालाई सरोगेट अभिभावक आवश्यक छ कि छैन भनेर निर्धारण गर्ने र बच्चालाई सरोगेट नियुक्त गर्ने विधि समावेश छ।
सरोगेट्स छनौट गर्दा निम्न मापदण्डहरू प्रयोग गरिन्छ:

(1) सरोगेट बुवाआमा राज्य कानून द्वारा अधिकृत तरिकामा चयन गरिन्छ।
(2) सरोगेट बुवाआमाका रूपमा चयन गरिएको व्यक्ति:
    (a) उनले प्रतिनिधित्व गर्ने बच्चाको स्वार्थसँग बाझिने कुनै स्वार्थ नभएको हुन्छन्;
    (b) बच्चाको पर्याप्त प्रतिनिधित्व सुनिश्चित गर्ने ज्ञान र सीपहरू भएका हुन्छन्;
    (c) कुनै राज्यका निकायको कर्मचारी वा बच्चा वा बच्चाको परिवारको कुनै सदस्यको लागि अर्ली सपोर्ट्स एन्ड सर्भिसेस प्रदान गर्ने व्यक्ति वा व्यक्तिको कर्मचारी होइन। यस खण्ड अन्तर्गत सरोगेट अभिभावक हुन योग्य हुने व्यक्ति कर्मचारी होइन किनभने उसलाई एक सरोगेट अभिभावकको रूपमा सेवा गर्ने सार्वजनिक एजेन्सीद्वारा भुक्तानी गरिन्छ; र

(d) सम्भव भएसम्म बच्चाकै भौगोलिक क्षेत्रमा बस्छन्।

एक सरोगेट बुवाआमाले निम्नसँग सम्बन्धित सबै मामिलाहरूमा बच्चाको प्रतिनिधित्व गर्न सक्छन्:

(1) बच्चाको मूल्याङ्कन र छानबिन;
(2) बालबालिकाको IFSPs को विकास र कार्यान्वयन,
(3) मूल्याङ्कन र आवधिक समीक्षा सहित;
(4) जारी छानबिन;;
(5) बच्चाका लागि अर्ली सपोर्ट्स एन्ड सर्भिसेसका जारी प्रावधान; र
(6) IDEA को भाग C अन्तर्गत स्थापित कुनै पनि अन्य अधिकारहरू।

---

**सार्वजनिक र निजी बीमाको उपयोग * (*He-M 510.14)**

(a) जब बच्चा निजी बीमा द्वारा बीमित हुन्छ वा Medicaid मा भर्ना हुन्छ, FCESS कार्यक्रमले तल (b) - (h) अनुसार FCESS को लागि भुक्तान गर्न ती सुविधाहरू प्रयोग गर्नेछ।

(b) जब FCESS कार्यक्रमले बच्चाको निजी बीमा प्रयोग गर्छ, कार्यक्रमले बच्चाको परिवारबाट कटौतीयोग्य, सह-बीमा र सह-भुक्तानीहरूको लागत सहित, निजी बीमाको प्रयोगसँग सम्बन्धित लागतहरू सङ्कलन गर्दैन।

(c) FCESS को लागि भुक्तानी गर्न निजी बीमा प्रयोग गर्दा, FCESS कार्यक्रमले अभिभावकको सहमति प्राप्त गर्नेछ:

   (1) जब FCESS कार्यक्रमले IFSP मा पहिचान गरिएको FCESS को प्रारम्भिक प्रावधानको लागि भुक्तानी गर्न बच्चाको निजी बीमा प्रयोग गर्न खोज्दा; र
   (2) प्रत्येक पटक सेवाहरूको प्रावधानमा वृद्धि र बच्चाको IFSP मा सम्बन्धित परिवर्तन हुँदा।

(d) माथिको (c) अन्तर्गत सहमति प्राप्त गर्दा वा प्रारम्भमा निजी बीमा नीति अन्तर्गत लाभहरू प्रयोग गर्दा, FCESS कार्यक्रमले बच्चाका अभिभावकहरूलाई निम्न कुरा प्रदान गर्नेछ:

   (1) He-M 510.14 मा वर्णन गरिएको भुक्तानी प्रणालीको प्रति; र
   (2) प्रिमियम वा वार्षिक वा आजीवन स्वास्थ्य बीमा कभरेज क्याप्ससँग सम्बन्धित अन्य दीर्घकालीन लागतहरू वा बीमा रकम सहित प्रारम्भिक हस्तक्षेप सेवाहरूको भुक्तानी गर्न निजी बीमा प्रयोग गर्दा अभिभावकलाई सम्भावित लागतहरूको सूचना।

(e) जब अभिभावकले निजी बीमा प्रयोग गर्न सहमति प्रदान नगरेमा पनि FCESS कार्यक्रमले IFSP मा कुनै पनि सेवाहरूको प्रावधानलाई ढिलाइ वा अस्वीकार गर्ने छैन।

(f) FCESS को लागि भुक्तानी गर्न मेडिकेड सुविधाहरू प्रयोग गर्दा, FCESS कार्यक्रमले बच्चाका अभिभावकहरूलाई लिखित सूचना उपलब्ध गराउनेछ जसमा निम्न समावेश छन्:

   (1) 34 C.F.R §303.520(a)(2)मा बिना लागत संरक्षण प्रावधानहरूको व्यहोरा;
   (2) तल (h) को अनुसार, मेडिकेडमा भर्ना गर्न बुवाआमाको इन्कारले बच्चाको IFSP मा कुनै पनि सेवाहरूको प्रावधानलाई ढिलाइ वा इन्कार गर्ने छैन भन्ने व्यहोरा; र
   (3) प्राथमिक बीमाको रूपमा निजी बीमाको आवश्यक प्रयोग सहित, मेडिकेडमा भाग लिँदा बुवाआमालाई लाग्ने लागतहरूको सामान्य वर्गहरूको विवरण।

(g) FCESS कार्यक्रमले FCESS प्राप्त गर्ने शर्तको रूपमा मेडिकेडमा साइन अप गर्न वा भर्ना हुन अभिभावकलाई आवश्यक पर्दैन।

(h) यदि आमाबाबुले Medicaid मा भर्ना हुनुहुन्न भने पनि FCESS कार्यक्रमले बच्चाको IFSPमा कुनै पनि सेवाहरूको प्रावधानलाई ढिलाइ वा अस्वीकार गर्दैन ।

## <u>मेडिकेड बिना लागत सुरक्षा</u>

मेडिकेडको प्रयोगले निम्न कार्य गर्दैन:

a. बच्चा वा बुवाआमाको लागि उपलब्ध जीवनभर सुरक्षण वा कुनै अन्य बीमा सुविधा घटाउने;
b. बच्चाका बुवाआमाले अन्यथा सार्वजनिक लाभ वा बीमा कार्यक्रम द्वारा बेहोर्ने सेवाहरूको लागि भुक्तान गर्न लगाउने;
c. बच्चा वा बच्चाको बुवाआमाको लागि प्रिमियममा कुनै पनि वृद्धि वा सार्वजनिक सुविधा वा बीमाको अन्त्य गराउने; वा
d. कुल स्वास्थ्य सम्बन्धी खर्चहरूमा आधारित घर र समुदायमा आधारित छुटहरूका लागि बच्चा वा बच्चाको आमाबाबुको लागि योग्यता गुम्ने जोखिम हुने।

निम्न सेवाहरू प्रत्येक बच्चालाई अभिभावकलाई कुनै पनि लागत बिना सार्वजनिक खर्चमा उपलब्ध गराइनेछ, यद्यपि मेडिकेड बीमालाई बिल गरिनेछ र निजी बीमालाई सहमतिमा बिल गरिनेछ:

(1) 34 CFR भाग 303.115, 303.302, र 303.303 अनुसार बाल खोज आवश्यकताहरू लागू गर्न;
(2) मूल्याङ्क तथा छानबिन;
(3) सर्भिस कोअर्डिनेसन;
(4) IFSPs को विकास, समीक्षा र मूल्याङ्कन; र
(5) प्रक्रियागत सुरक्षा उपायहरूको कार्यान्वयन।

---

**शब्दभण्डार**

***छानबिन:*** FCESS कार्यक्रम अन्तर्गत, उपयुक्त, दक्ष कर्मचारीहरूले बालबालिकाको योग्यताको अवधिभर निम्न कुरा पहिचान गर्न प्रयोग गरिने जारी प्रक्रियाहरू:

(a) बच्चाको पृथक शक्ति र आवश्यकताहरू र ती आवश्यकताहरू पूरा गर्न उपयुक्त सेवाहरू;
(b) परिवारका स्रोतहरू, प्राथमिकताहरू, र सरोकारहरू, र उनीहरूको शिशु वा अपाङ्गता भएका बच्चाहरूको विकासात्मक आवश्यकताहरू पूरा गर्न परिवारको क्षमता अभिवृद्धि गर्न आवश्यक सहयोग र सेवाहरू; र
(c) माथिको (a) र (b) मा आवश्यकताहरू पूरा गर्न बच्चा र बच्चाको परिवारलाई आवश्यक पर्ने प्रारम्भिक सहयोग र सेवाहरूको प्रकृति र सीमा।

***खुलासा:*** कुनै पनि पक्षलाई शैक्षिक रेकर्डका रिलीज, स्थानान्तरण, वा अन्य सञ्चारण वा ती रेकर्डहरूमा निहित व्यक्तिगत पहिचान योग्य जानकारीमा पहुँच राख्न अनुमति दिनु। खुलासा मौखिक, लिखित, वा इलेक्ट्रोनिक माध्यमहरू सहित धेरै माध्यमबाट हुन सक्छ।

***मूल्याङ्कन:*** FCESS कार्यक्रम अन्तर्गत बच्चाको प्रारम्भिक र निरन्तर योग्यता निर्धारण गर्न उपयुक्त, योग्य कर्मचारीहरूले प्रयोग गर्ने प्रक्रियाहरू। प्रत्येक विकास क्षेत्रहरूमा बच्चाको स्थिति निर्धारण गर्ने सहित, प्रयोग गरिएका प्रक्रियाहरू 34 CFR 303.21 मा "अपाङ्गता भएका शिशु र बच्चाहरू" को परिभाषासँग मिल्दोजुल्दो हुनुपर्छ।

***पारिवारिक मूल्याङ्कन:*** परिवारका स्रोतहरू, प्राथमिकताहरू र सरोकारहरूको पहिचान, र बच्चाको विकासात्मक आवश्यकताहरू पूरा गर्न परिवारको क्षमता अभिवृद्धि गर्न आवश्यक सहयोग र सेवाहरूको पहिचान।

***IDEA:*** IDEA भनेको इन्डिभिजुअल्स विथ डिसेबिलिटिज एजुकेसन इम्प्रुभमेन्ट एक्टको छोटकरी स्वरूप हो। 2004 मा इन्डिभिजुअल्स विथ डिसेबिलिटिज एजुकेसन इम्प्रुभमेन्ट एक्ट (IDEIA) को रूपमा पुन: अधिकृत गरिएको थियो। IDEIA लाई धेरै जसो समय IDEA भनिन्छ।

***व्यक्तिगत परिवार सहायता योजना (IFSP):*** योग्य बालबालिका/परिवारहरूका लागि अर्ली सपोर्ट्स एन्ड सर्भिसेस उपलब्ध गराउने लिखित योजना जुन:

(a) अर्ली सपोर्ट्स एन्ड सर्भिसेस प्रदान गर्ने परिवार र उपयुक्त, दक्ष कर्मचारीहरू द्वारा संयुक्त रूपमा विकसित गरिएको हो;

(b) परिवारले निर्धारण गरे र संघीय कानूनद्वारा आवश्यक ठाने अनुसार बच्चाको बहु-विषयात्मक मूल्याङ्कन र छानबिन र बच्चाको परिवारको शक्ति र आवश्यकताहरूको छानबिनमा आधारित छ।

(c) विकास परिणामहरू, रणनीतिहरू, र गतिविधिहरू समावेश गर्दछ; र

(d) बच्चाको विकास र बच्चाको विशेष आवश्यकताहरू पूरा गर्न परिवारको क्षमता अभिवृद्धि गर्न आवश्यक सेवाहरू समावेश गर्दछ। *IFSP को आवश्यक घटकहरूको बारेमा थप विवरणहरूको लागि, कृपया राज्य नियम He-M 510 हेर्नुहोस्।*

***मध्यस्थता:*** मध्यस्थता एउटा प्रक्रिया हो जसले आमाबाबु, स्वास्थ्य तथा मानव सेवा विभाग (DHHS), परिवार केन्द्रित सेवा ब्यूरो (BFCS), र स्थानीय FCESS प्रदायकहरूलाई अनौपचारिक, गैर-विरोधी वातावरणमा असहमतिहरू समाधान गर्न मद्दत गर्दछ। मध्यस्थता स्वैच्छिक छ र दुबै पक्षहरू स्वतन्त्र रूपमा भाग लिन सहमत हुनुपर्दछ। सुनुवाइ वा अदालतमा जानु भन्दा यो सामान्यतया छिटो हुन्छ। दुबै पक्षहरू सँगै सम्झौतामा भाग लिन्छन् र सम्झौतालाई अनुमोदन गर्नुपर्छ। निष्पक्ष सुनुवाइको लागि तपाईंको अधिकारलाई अस्वीकार गर्न वा ढिलाइ गर्न मध्यस्थता प्रयोग गर्न सकिँदैन।

***बहुविषयात्मक:*** § 303.321 मा मूल्याङ्कन र छानबिन गतिविधिहरू र § 303.342 मा IFSP को विकास सहित एकीकृत र समन्वित सेवाहरूको प्रावधानमा दुई वा बढी अलग-अलग विषयहरू वा पेशाहरूको संलग्नता।

***प्राकृतिक वातावरण:*** प्राकृतिक वातावरण भन्नाले अपाङ्गता नभएका बालबालिकाको उमेरका साथीहरू बस्ने, खेल्ने र हुर्कने ठाउँहरू र अवस्थाहरूलाई जनाउँछ।

***अभिभावक:*** "अभिभावक" भन्नाले जैविक, धर्म-बुवाआमा(हरू), वा बच्चाको पालनपोषण गर्ने अभिभावक, अभिभावक (तर राज्य होइन, यदि बच्चा बालबालिका, युवा र परिवार डिभिजनको संरक्षणमा भए), प्राकृतिक वा धर्म-बुवाआमाको स्थानमा कार्य गर्ने व्यक्ति, जस्तै हजुरबुवा/आमा, सौतेनी बाबु/आमा वा अन्य आफन्त जोसँग बच्चा बस्छ, वा बच्चाको कल्याणको लागि कानुनी रूपमा जिम्मेवार व्यक्ति, वा § 303.422 अनुसार सरोगेट अभिभावकको रूपमा नियुक्त गरिएको व्यक्ताई बुझिन्छ।

***राज्यको प्रमुख एजेन्सी:*** न्यु हेम्पसायर राज्यमा IDEA को भाग C का लागि नियुक्त प्रमुख एजेन्सीको रूपमा स्वास्थ्य तथा मानव सेवा विभाग, परिवार केन्द्रित सेवा ब्यूरोलाई बुझाउँछ। IDEA को भाग C "फेमेली सेन्टर्ड अर्ली सपोर्ट्स एन्ड सर्भिसेस" (FCESS) भनेर पनि चिनिन्छ।

***FCESS बाट संक्रमण:*** ती प्रक्रिया जुन बच्चा कार्यक्रमबाट बाहिरिँदा वा परिवार र FCESS कार्यक्रमले बच्चाको कार्यक्रमबाट बाहिर्गमन र प्रिस्कूल वा समुदायमा आधारित गतिविधिहरू/सेवाहरू सहित अन्य उपयुक्त कार्यक्रममा प्रवेशको लागि तयारी गरिरहँदा हुन्छन्। संक्रमण योजना तर्जुमा कि त बच्चा 3 वर्षको उमेर नजिक भएको कारणले वा बच्चालाई अब FCESS आवश्यक पर्दैन भन्ने निर्धारण गरिन्छ तब गरिन्छ। थप जानकारी गाइडबुकमा फेला पार्न सकिन्छ, "ट्रान्जिसन फ्रम FCESS – ए गाइड फर फेमेलिज एन्ड स्टाफ"।

***राज्यको वार्ड***: 'राज्यको वार्ड' भन्ने, बच्चा जुन राज्यमा बस्छ त्यसले निर्धारण गरेअनुसार, पालनपोषण गरिएको बच्चा, राज्यको वार्ड, वा सार्वजनिक बाल कल्याण निकायको संरक्षकत्वमा रहेको बच्चालाई जनाउँछ। अपवाद चाहिँ यस शब्दले अभिभावकको परिभाषा पूरा गर्ने पालक अभिभावक भएको पालनपोषण गरिएका बच्चालाई समावेश गर्दैन। यो शब्द सामान्यतया NH मा प्रयोग गरिएको छैन, तर संघीय कानूनमा प्रयोग गरिन्छ।

नोट:

संघीय कानुनका सन्दर्भहरू 34 कोड अफ फेडेरल रेगुलेसन्स (CFR) भाग 303 http://idea.ed.gov/ मा उपलब्ध छन्।

राज्य कानुनका सन्दर्भहरू He-M 510 and He-M 203:
http://www.gencourt.state.nh.us/rules/state_agencies/he-m500.html (He-M 510), र
http://www.gencourt.state.nh.us/rules/state_agencies/he-m200.html मा उपलब्ध छन्।

FERPAका सन्दर्भहरू भाग 99 फेमेली एजुकेसनल राइट्स एन्ड प्राइभेसी एक्ट:
http://www.ed.gov/policy/gen/guid/fpco/ferpa/index.html मा उपलब्ध छन्।

राज्य कानुनका प्रतिहरू निम्न ठेगानामा अनुरोध गरे उपलब्ध छन्: Bureau for of Family Centered Services, 129 Pleasant St., Thayer Building, Concord, NH 03301, 603-271-4488, वा 1-800-852-3345 (आवाज र TDD) ext. 4488.

## स्थानीय एरिया एजेन्सी FCESS को सम्पर्क जानकारी:

**क्षेत्र 1**
नर्दन ह्युमन सर्भिसेस
87 Washington Street
Conway, NH 03818
603-447-3347
FAX: 603-447-8893
www.northernhs.org

**क्षेत्र 2**
पाथवेज अफ रिभर भ्याली
654 Main Street
Claremont, NH 03743
603-542-8706
FAX: 603-542-0421
www.pathwaysnh.org

**क्षेत्र 3**
लेक रिजन कम्युनिटी सर्भिसेस
PO Box 509
Laconia, NH 03247-0509
603-524-8811
FAX: 603-524-0702
www.lrcsc.org

**क्षेत्र 4**
कम्युनिटी ब्रिजेज
162 Pembroke Road
Concord, NH 03301
603-225-4153
FAX: 603-226-0376
1 800 499-4153
www.communitybridgesnh.org

**क्षेत्र 5**
मोनादनोक डिभ्लप्मेन्टल सर्भिसेस, Inc.
121 Railroad Street
Keene, NH 03431
603-352-1304
FAX 603-352-1637
www.mds-nh.org

**क्षेत्र 6**
गेटवेज कम्युनिटी सर्भिसेस
144 Canal Street
Nashua, NH 03064
603-882-6333
FAX: 603-889-5460
www.gatewayscs.org

**क्षेत्र 7**
द मुर सेन्टर
195 McGregor Street, Unit 400
Manchester, NH 03102
603-206-2700
FAX: 603-206-2710
www.moorecenter.org

**क्षेत्र 8**
वान स्काई कम्युनिटी सर्भिसेस
755 Banfield Road, Suite 3
Portsmouth, NH 03801
603-436-6111
FAX: 603-436-4622
www.oneskyservices.org

**क्षेत्र 9**
कम्युनिटी पार्टनर्स
Forum Court
113 Crosby Road, Suite 1
Dover, NH 03820-4375
603-516-9300
FAX: 603-743-3244
www.communitypartnersnh.org

**क्षेत्र 10**
कम्युनिटी क्रसरोड
8 Commerce Drive
Atkinson, NH 03811
603-893-1299
FAX 603-893-5401
www.communitycrossroadsnh.org

# क्षेत्र अनुसार नगर र सहरहरू

## क्षेत्र I

**बर्लिन/लिटलटन/कनवे**

अल्बानी, बारलेट, बाथ, बेन्टन, बर्लिन, बेथलेहेम, ब्रुकफिल्ड, क्यरोल, क्लार्कभिल, क्याथम, कोलब्रुक, कोलम्बिया, कनवे, डाल्टन, डिकभिल, डम्मर, इस्टन, इएटन, इफिङ्हाम, इर्रोल, फ्रान्कोनिया, फ्रिडम, गोर्ह्राम

ग्रोभेटन, हार्ट्स लोकेसन, हाभरहिल, ज्याक्सन, जेफरसन, त्यानकेस्टर, त्यान्डएफ, लिङ्कन, लिस्बन, लिटलटन, लिभरमोर, लेमेन, मेडिसन, मिलान, मिल्सफिल्ड, मोत्रो, मोल्टनबोरो, नर्थम्बरल्यान्ड, ओस्सिपी, पिरेमोन्ट, पिट्सबर्ग, र्यान्डोल्फ, सानबर्नभिल

स्यान्डविच, सेलबर्न, स्टार्क, स्टेवर्ट्सटाउन, स्ट्राटफोर्ड, सुगर हिल, टामवर्थ, टफ्टनबोरो, युनियन, वेकफिल्ड, वारेन, वाटरभिल, भ्याली, वेन्टवर्थ, लोकेसन, ह्वाइटफिल्ड, वुल्फबोरो, वुडस्टक

## क्षेत्र II

**क्लेरमोन्ट/लेबनन**

एकर्थ, क्यानान, चाल्सटाउन, क्लेरमोन्ट, क्रोडन, डोरचेस्टर, इनफिल्ड, गोसेन, ग्राफ्टन, ग्रान्टह्याम, ह्यानोभर, लाङडन, लेबनन, लेम्पस्टर, ल्याम, न्युपोर्ट, ओरेन्ज, अर्फोर्ड

प्लेनफिल्ड, स्प्रिङफिल्ड, सुनापी, युनिटी, वाशिङ्टन

## क्षेत्र III

**ल्याकोनिया/लेक्स रिजन**

एलेक्जेन्ड्रिया, एटोन, एसल्यान्ड, बेम्स्टिड, बेल्मोन्ट, ब्रिजवाटर, ब्रिस्टोल, क्याम्पटन, Ctr. हार्बर, एल्सवर्थ, गिलफोर्ड, गिलमेन्टन, ग्रोटन, हेब्रन, होल्डरनेस, ल्याकोनिया, मेरेडिथ, न्यु ह्याम्पटन, प्लाइमाउथ, रुम्नी

साम्बोनटन, थ्रोनटन, टिल्टन, वेन्टवर्थ

## क्षेत्र IV

**कन्कर्ड**

एलेन्सटाउन, एन्डओभर, बोस्कावेन, बो, ब्राडफोर्ड, क्यान्टरबरी, चिचेस्टर, कन्कर्ड, डारबरी, डिरिङ, डुरबारटन, इप्सम, फ्रेन्कलिन, हेनिकर, हिल, हिल्सबोरो, हपकिनटन, लाउडन, न्युबरी

न्यु लन्डन, नर्थफिल्ड, पेमब्रोक, पिट्सफिल्ड, स्यालिसबरी, सट्न, वर्नर, वेरे, वेब्स्टर, विल्मट, विन्डसर

## क्षेत्र V

**किन**

एल्स्टिड, एन्टरिस, बेनिङ्टन, चेस्टरफिल्ड, डब्लिन, फिज्विलियम, फ्रान्सटाउन, गिलसम, ग्रिनफिल्ड, ग्रिनभिल, ह्यानकक, ह्यारिभिल, हिन्सडेल, ज्याफ्री, किन, लिन्डेबोरो, मार्लबोरो, मार्लो

नेल्सन, न्यु इप्स्विज, पिटिरबोरो, रिचमन्ड, रिन्डज, रक्सबरी, सरोन, स्पोफ्फोर्ड, स्टोडार्ड, सुलिभान, सुरी, स्वानजी, टेम्पल, ट्रो, वालपोल, वेस्टरमोरल्यान्ड, विनचेस्टर

## क्षेत्र VI

**मेरिंमम्याक/नसुवा**

एमहर्स्ट, ब्रुकलिन, होलिस, हड्सन, लिच्फिल्ड, मेसन, मेरिमम्याक, मिलफोर्ड, माउन्ट भेर्नन, नसुवा, विल्टन

## क्षेत्र VII

**म्यानचेस्टर**

अबर्न, बेडफोर्ड, क्यानडिया, गोफ्सटाउन, हुकसेट, लन्डनडेरी, म्यानचेस्टर, न्यु बोस्टन

## क्षेत्र VIII

**पोर्ट्समाउथ/सिकोस्ट**

ब्रेन्टउड, डियरफिल्ड, इस्ट किङ्स्टन, इप्पिङ, एक्सेटर, फ्रेमन्ट, ग्रिनल्यान्ड, ह्याम्पटन, ह्याम्पटन फल्स, केसिङ्टन, किन्स्टन, न्यु क्यासल, न्युफिल्ड्स, नेविङ्टन, न्युमार्केट, नर्थ ह्याम्पटन, नर्थउड, नटिङ्हम

पोर्ट्समाउथ, रेमन्ड, रे, सिब्रुक, साउथ ह्याम्पटन, स्ट्राटहम

## क्षेत्र IX

**डुर्हाम/डोभर**

बेरिङ्टन, डोभर, डुर्ह्याम, फार्मिङ्टन, ली, म्याडबरी, मिडलटन, मिल्टन, न्यु डुर्ह्याम, रोचेस्टर, रोलिन्सफोर्ड, सोमर्सवर्थ, स्ट्राफ्फोर्ड

## क्षेत्र X

**एटकिन्सन/सलेम**


एटकिन्सन, चेस्टर, डेनभिल, डेरी, ह्याम्पस्टिङ, न्युटन, पेलह्याम, प्लाइस्टो, सलेम, स्यान्डाउन, विन्डह्याम

# न्यु हेम्पसायर्स डिभलप्मेन्टल सर्भिसेस सिस्टम
# एरिया एजेन्सीहरू

विकासात्मक अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका परिवारहरूलाई सेवाहरू प्रदान गर्न ब्युरो अफ डिभलप्मेन्ट सर्भिसेससँग सम्झौता गर्ने दस (10) एरिया एजेन्सीहरू छन् जुन न्यु हेम्पसायरभरि विभिन्न भौगोलिक क्षेत्रमा बाँडिएका छन्। प्रत्येक एरिया एजेन्सी उनीहरूको सम्बन्धित क्षेत्रमा सेवा (FCESS सहित) प्रदान गर्न राज्यसँग सम्झौता गरेको डिजाइनकर्ता हो र संयुक्तरूपमा उनीहरू न्यु हेम्पसायर्स डिभलप्मेन्टल डिसेबिलिटिजलाई सेवा गर्छन् र मस्तिष्क चोट बोकेका 6,000 भन्दा बढीको समुदाय प्राप्त गरिसकेका छन्।

यस नक्साले दसवटा एरिया एजेन्सीहरूको वितरण कसरी भएको छ भन्ने वर्णन छ।

| | |
|---|---|
| | क्षेत्र 1 – नर्दन ह्युमन सर्भिसेस |
| | क्षेत्र 2 – पाथवेज अफ रिभर भ्याली |
| | क्षेत्र 3 – लेक रिजन कम्युनिटी सर्भिसेस |
| | क्षेत्र 4 – कम्युनिटी ब्रिजेज |
| | क्षेत्र 5 – मोनादनोक डिभ्लप्मेन्टल सर्भिसेस, Inc. |
| | क्षेत्र 6 – गेटवेज कम्युनिटी सर्भिसेस |
| | क्षेत्र 7 – द मुर सेन्टर |
| | क्षेत्र 8 – वान स्काई कम्युनिटी सर्भिसेस |
| | क्षेत्र 9 – कम्युनिटी पार्टनर्स |
| | क्षेत्र 10 – कम्युनिटी क्रसरोड |



यस ह्यान्डबुकको प्रतिहरू फेमेली सेन्टर्ड अर्ली सपोटर्स एन्ड सर्भिसेस, र अन्य सम्बन्धित संस्थाहरू जस्तै फेमेली रिसोर्स कनेक्सन (1-800-298-4321, आवाज र TDD), प्यारेन्ट इन्फरमेसन सेन्टर, द डिसेबिलिटी राइट्स सेन्टर, द डिभलप्मेन्टल डिसेबिलिटिज काउन्सिलबाट र DHHSको वेबसाइटमा:http://www.dhhs.nh.gov/dcbcs/bds/families.htm पाउन सकिनेछ। यो अंग्रेजी र स्पेनिसमा, र वैकल्पिक ढाँचाहरूमा अपाङ्गता भएका व्यक्तिहरू र सीमित अंग्रेजी दक्ष अभिभावकहरूलाई आवश्यक पहुँच उपलब्ध हुनेछ।

इच्छुक जो कोहीले "नो योर राइट्स" ह्यान्डबुक अनुरोध गर्नसक्नुहुन्छ। यसलाई निम्न ठेगानामा पत्रचार वा फोन गरी प्राप्त गर्न सकिन्छ: Bureau for Family Centered Services, 129 Pleasant Street, Thayer Building, Concord, NH 03301, 603-271-4488, वा 1-800-852-3345 (आवाज र TDD) ext. 4488.